# मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति, २०८२

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं

## विषयसूची


परिच्छेद १ ........ १

परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ विगतका प्रयास र वर्तमान अवस्था ........ १

१.३ समस्या तथा चुनौतीहरू ........ ३

    १.३.१ समस्या ........ ३

    १.३.२ चुनौती ........ ४

१.४ नीतिको आवश्यकता र औचित्य ........ ४

परिच्छेद २ ........ ५

नीति संरचना ........ ५

२.१ दूरदृष्टि ........ ५

२.२ ध्येय ........ ५

२.३ लक्ष्य ........ ५

२.४ उद्देश्य ........ ५

२.५ नीति ........ ६

२.६ रणनीति ........ ७

२.७. कार्यनीति ........ ११

परिच्छेद ३ ........ २६

नीति कार्यान्वयन ........ २६

३.१ संस्थागत व्यवस्था ........ २६

३.२ कानूनी व्यवस्था ........ २६

३.३ वित्तीय व्यवस्था ........ २६


नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

३.४ नीति समन्वय र सामञ्जस्यता ..... २७
३.५. जोखिम पहिचान र व्यवस्थापन ..... २७
  ३.५.१ जोखिम पहिचान ..... २७
  ३.५.२ जोखिम व्यवस्थापनका उपायहरू ..... २८
३.६. अनुगमन, मूल्याङ्कन तथा नीति पुनरावलोकन ..... २८
  ३.६.१ अनुगमन तथा मूल्याङ्कन ..... २८
  ३.६.२ नीति पुनरावलोकन ..... २८
३.७ नीति कार्यान्वयन कार्ययोजना ..... २८
३.८ खारेजी र बचाउ ..... २८
अनुसूची-१: नीति कार्यान्वयन कार्ययोजना ..... २९

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद १
## परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधानको धारा २९ मा शोषण विरुद्धको हकलाई मौलिक हकका रूपमा अङ्गिकार गरी कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन नपाइने व्यवस्था गरी मानव बेचबिखन तथा ओसारपसारलाई पूर्णतया निषेध गरेको छ। संगठित अपराधको रूपमा विश्वभर फैलिएको मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावित व्यक्तिले आफ्नो आत्मसम्मान, स्वतन्त्रता र मौलिक हकबाट बञ्चित हुनुपरेको छ। नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ कार्यान्वयनमा ल्याई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा कार्य गर्दै आएको छ। यद्यपी द्वन्द्व, विपद्, गरिबी, बेरोजगारी र असुरक्षित आन्तरिक र वैदेशिक बसाईसराईले यो समस्यालाई थप जटिल बनाएको छ। बेचबिखनको उच्च जोखिममा रहेका विपन्न, बेरोजगार र जीविकोपार्जनको समस्यामा रहेका व्यक्तिहरूका साथै श्रम आप्रवासनमा जाने व्यक्तिहरू मध्ये महिलाहरू बढी जोखिममा रहेको यथार्थता विभिन्न प्रतिवेदनहरूले देखाएका छन्।

मानव बेचबिखन तथा ओसारपसार जस्तो जघन्य अपराधको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार, नागरिक समाज, गैरसरकारी संस्था, निजी क्षेत्र, विकास साझेदारहरू तथा समुदायसँगको समन्वय र सहकार्यमा मानव बेचबिखन तथा ओसारपसार विरुद्धको शिक्षा सचेतना तथा अभियानका कार्यक्रमहरू, पीडित तथा प्रभावितको हेरचाह, संरक्षण, पुनर्स्थापना र पुन:एकीकरणका प्रयासहरू निरन्तर भइरहेका छन्। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि नीतिगत, संस्थागत र कार्यक्रमगत व्यवस्था गरिएका छन्। यी प्रयासहरूको बाबजुद विश्वव्यापीकरण र आप्रवासनको गतिशीलतामा वृद्धि भएसँगै मानव बेचबिखन तथा ओसारपसारको समस्या पनि नयाँ स्वरूप र आयामसहित थप चुनौतीपूर्ण हुँदै गएको छ। सङ्घीय शासकीय स्वरूप अनुरूप मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराध नियन्त्रण गर्नु तीनवटै तहका सरकारको जिम्मेवारी हो। अतः सबै सरोकारवालाहरूको समन्वय र सहकार्यलाई प्रवर्धन गर्दै नीति, योजना, बजेट तथा कार्यक्रम निर्माणमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको सवाललाई प्राथमिकताका साथ सम्बोधन गर्न नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसार विरुद्धको यो राष्ट्रिय नीति तर्जुमा गरेको छ।

### १.२ विगतका प्रयास र वर्तमान अवस्था

मानव बेचबिखन तथा ओसारपसार विरुद्ध मूल कानूनका रूपमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ कार्यान्वयनमा रहेको छ। यसका साथै बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८; वैदेशिक रोजगार ऐन, २०६४; घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६; मुलुकी अपराध



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

संहिता, २०७४; बालबालिका सम्बन्धी ऐन, २०७५ र विभिन्न नियमावली लगायतका कानूनहरूले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि आधार निर्माण गरेको छ। सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्) निवारण तथा व्यवसायिक वातावरण प्रवर्धन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८० ले मानव तस्करीलाई कसुरको रूपमा कायम गरेको छ।

नेपालले अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बलपूर्वक श्रम उन्मूलन सम्बन्धी महासन्धि (नं. २९) १९३०; जीउ मास्ने बेच्ने तथा अरूको बेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९; नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६; आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६; महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९; बालअधिकार सम्बन्धी महासन्धि, १९८९ र सो महासन्धि अन्तर्गतको बालबालिकाको बेचबिखन, बाल श्रमका निकृष्ट रूपहरूको उन्मूलन सम्बन्धी महासन्धि (नं. १८२) १९९९; बेश्यावृत्तिका लागि महिला र बालबालिका बेचबिखन विरुद्धको सार्क महासन्धि, २००२ अनुमोदन गरी पक्ष राष्ट्र भएको छ। अन्तरदेशीय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि, २००० तथा यसको पुरक आलेखको रूपमा रहेको मानव बेचबिखन विशेषगरी महिला र बालिकाको बेचबिखनको रोकथाम, दमन तथा सजाय सम्बन्धी आलेख (पालेर्मो प्रोटोकल), २००० लाई वि.सं. २०७६ सालमा अनुमोदन गरी मानव बेचबिखन तथा ओसारपसार विरुद्ध नेपालले अन्तर्राष्ट्रिय प्रतिबद्धता जाहेर गरेको छ।

विगतमा चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापार विरुद्धको राष्ट्रिय नीति, २०५२ तर्जुमा गरिनुका साथै यौन तथा श्रम शोषणको लागि महिला तथा बालबालिका बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना, २०५८; मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको १० वर्षे राष्ट्रिय कार्ययोजना, २०६८-२०७८ कार्यान्वयन गरिएको थियो। विगतमा बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरूयोजना, २०७५; महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६०; बालबालिका सम्बन्धी १० वर्षे राष्ट्रिय कार्ययोजना २०६०-२०७०; बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरूयोजना, २०७५-२०८५; लैङ्गिक समानता तथा महिला सशक्तीकरण (बेइजिङ्ग कार्ययोजना) राष्ट्रिय कार्ययोजना, २०६१ मा पनि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी कार्यक्रमहरू समावेश गरिएको थियो। राष्ट्रिय बालबालिका नीति, २०८० तथा सोह्रौं योजनामा समेत मानव बेचबिखन तथा ओसारपसार विरुद्ध रणनीति तथा कार्यक्रमहरू समावेश गरिएका छन्।

बाल हेल्पलाइन नम्बर १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६; श्रमजीवी महिलाहरूप्रति डान्स रेष्टुरेन्ट, डान्सबार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५; मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाको अभियोजन तथा अदालती कारबाही सम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८; मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८; पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८; पुनर्स्थापना कोष सञ्चालन निर्देशिका, २०६८ र मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका, २०७० अन्तर्गत नगरस्तरीय समितिको गठन तथा परिचालन निर्देशिका, २०७२



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

लगायतका नीतिगत र कार्यविधिगत दस्तावेजहरूको निर्माण गरी मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्ने प्रयास भइरहेको छ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि भएका विगतका प्रयासहरूले यस्ता प्रकृतिका अपराधमा संलग्न अपराधीहरूलाई कानूनी दायरामा ल्याइनुका साथै दण्ड सजाय समेत भएको छ। पीडित तथा प्रभावितको उद्धार, संरक्षण, पुनर्स्थापना, पारिवारिक पुनर्मिलनको व्यवस्था भएको छ भने निजहरूको संरक्षणको लागि प्रत्येक प्रदेशलाई समेट्ने गरी १० वटा पुनर्स्थापना केन्द्रहरू सञ्चालनमा रहेका छन्। पीडितहरूले सम्बन्धित अदालतको आदेशबमोजिम क्षतिपूर्ति पाइरहेको अवस्था छ भने फौजदारी न्यायिक प्रक्रियामा पीडितका अधिकारको व्यवस्था भई कार्यान्वयन भइरहेको छ। मानव बेचबिखन तथा ओसारपसार र यस अपराधलाई बढावा दिने लैङ्गिक हिंसा एवं हानिकारक सामाजिक अभ्यासहरू विरुद्ध ग्रामीणस्तरसम्म सचेतना कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय, जिल्ला र स्थानीय समितिहरू गठन भई समितिहरूले मानव बेचबिखन तथा ओसारपसार विरुद्ध निरोधात्मक कार्यक्रमहरू सञ्चालन गरिनुका साथै पीडित तथा प्रभावितको आन्तरिक तथा वैदेशिक उद्धार, संरक्षण र पुनर्स्थापना गरिरहेका छन्।

## १.३ समस्या तथा चुनौतीहरू

### १.३.१ समस्या

मानव बेचबिखन तथा ओसारपसारका पीडित तथा प्रभावितको  पहिचानमा जटिलता भएको, उद्धार, पारिवारिक पुनर्मिलन तथा स्वदेश फिर्ती, संरक्षण, पुनर्स्थापना तथा सामाजिक पुन:एकीकरण गराउन कठिनाई भएको, सामाजिक तथा आर्थिक विकासको लाभमा सीमान्तकृत, बहिष्कृत र जोखिम समूहको सहज पहुँच स्थापना हुन नसकेको, मनोरञ्जन तथा सत्कार सेवा लगायतमा महिला तथा किशोरीहरूको यौन तथा श्रम शोषण र दुर्व्यवहारको जोखिम रहेको, खुला सिमानाका कारण मानव बेचबिखन तथा ओसारपसारका अपराधहरू प्रभावकारी रूपमा नियन्त्रण हुन नसकेको, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि संरचनागत व्यवस्था गरी परिचालन गर्ने स्थानीय तथा प्रदेश तहमा तदारुकता र अपनत्व बोध अभिवृद्धि नभएको, अनौपचारिक क्षेत्र लगायत कलकारखानाहरूमा हुन सक्ने यौन तथा श्रम शोषणलाई नियमन गरी प्रभावकारी रूपमा नियन्त्रण गर्न कठीनाई भएको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरूबीच द्विपक्षीय र बहुपक्षीय सहयोग, समन्वय र साझेदारी  प्रभावकारी हुन नसकेको,  मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित एकीकृत तथा खण्डीकृत तथ्याङ्कको कमी रहेको लगायतका विषय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा देखिएका मुख्य समस्याहरू हुन्।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

### १.३.२ चुनौती

मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अवधारणागत अस्पष्टता हटाई यस विरुद्ध जनमानसमा सचेतना अभिवृद्धि गर्नु; जोखिममा रहेका र जोखिमउन्मुख समुदायको भौगोलिक तथा सामाजिक विविधता अनुसार सामाजिक-आर्थिक सशक्तीकरण गर्नु; मानव बेचबिखन तथा ओसारपसारका कारक तत्वहरूलाई सम्बोधन गर्ने गरी प्राथमिकताका साथ पर्याप्त स्रोत साधनसहित कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्नु; पीडित तथा प्रभावितलाई तत्काल न्याय, राहत एवं क्षतिपूर्ति दिलाउनुका साथै उनीहरूलाई सुरक्षा र संरक्षणको अनुभूति दिलाउनु; लैङ्गिकताका आधारमा हुने हिंसा, घरेलु हिंसा, हानिकारक अभ्यास, बाल-विवाह, बाल-श्रम जस्ता मानव बेचबिखन तथा ओसारपसारलाई बढावा दिने कारक तत्वहरूको निराकरण गर्नु; सूचना प्रविधिको दुरूपयोगले सिर्जित समस्या संबोधन गर्नु; मानव बेचबिखनको परिवर्तित स्वरूप र आयामलाई पहिचान गरी पिडकलाई कानूनी दायरामा ल्याउनु; भिसाको दुरूपयोगबाट हुने मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्नु; वैदेशिक रोजगारको नाममा हुने मानव तस्करी नियन्त्रण गर्नु; विश्वव्यापीकरण, बजारीकरण र अन्तर्राष्ट्रिय सम्बन्धको बिस्तारले सिर्जित मानव बेचबिखन तथा ओसारपसारको समस्या नियन्त्रण गर्नु; वैदेशिक रोजगार र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी कानूनबीच सामञ्जस्यता कायम गराई गैरकानूनी स्थानागमनलाई नियमन गर्नु यस क्षेत्रका मुख्य चुनौतीहरू हुन्।

### १.४ नीतिको आवश्यकता र औचित्य

मानव बेचबिखन तथा ओसारपसार मानवता विरुद्धको बहुआयामिक र बहुक्षेत्रगत अपराध हो र यसको नियन्त्रण गर्नु राज्यको प्रमुख दायित्व हो। मानव बेचबिखन नियन्त्रणका लागि प्रदेश तथा स्थानीय सरकारलाई जिम्मेवार बनाई नागरिक समाज, गैर सरकारी संस्था, निजी क्षेत्र एवं विकास साझेदारहरूसँगको सहयोग र सहकार्यलाई प्रवर्धन गर्न राष्ट्रिय नीतिको आवश्यकता रहेको छ। चेलीबेटी र बालबालिका बेचबिखन तथा देह व्यापार विरुद्धको राष्ट्रिय नीति, २०५२ परिवर्तित सन्दर्भमा सान्दर्भिक नदेखिएकोले वर्तमान अवस्थामा देखिएको मानव बेचबिखन तथा ओसारपसारका आयाम र स्वरूपलाई समेट्ने गरी नयाँ नीति तर्जुमा गर्न आवश्यक देखिएको छ। यसका साथै संविधानद्वारा सुनिश्चित गरिएका मौलिक हक र मानव अधिकारको प्रत्याभूति गर्न, चालु आवधिक योजनाले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा लिएको लक्ष्य एवं उद्देश्य हासिल गर्न, दिगो विकास लक्ष्य प्राप्तिका लागि शोषणरहित न्यायपूर्ण समाजको स्थापना गर्न, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको सवाललाई प्राथमिकताका साथ सम्बोधन गर्न जरुरी छ। मानव अधिकारको संरक्षण र संवर्धन गरी नेपालले अन्तर्राष्ट्रियरूपमा जनाएका प्रतिबद्धता पूरा गर्न पनि यो नीति आवश्यक छ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## परिच्छेद २
## नीति संरचना

### २.१ दूरदृष्टि

मानव बेचबिखन तथा ओसारपसार मुक्त मुलुक।

### २.२ ध्येय

सबै सरोकारवालाको सामूहिक र योजनाबद्ध प्रयासद्वारा मानव बेचबिखन तथा ओसारपसार अन्त्य गर्नु।

### २.३ लक्ष्य

तीनवटै तहका सरकारी संयन्त्र, नागरिक समाज, गैरसरकारी संस्था, निजी क्षेत्र, विकास साझेदार एवं समुदायसँगको समन्वय र सहकार्यमा निरोधात्मक, संरक्षणात्मक र उपचारात्मक उपायहरूद्वारा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने।

### २.४ उद्देश्य

२.४.१ जोखिमउन्मुख वर्ग वा समुदायको पहिचान, सशक्तीकरण र निरोधात्मक उपायहरूको माध्यमद्वारा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्नु।

२.४.२ मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितको पहिचान, उद्धार, स्वदेश फिर्ती, पुनर्स्थापना तथा पुनःएकीकरण लगायतका सहायता प्रणालीलाई पीडित तथा प्रभावितमैत्री बनाउनु।

२.४.३ पीडित तथा प्रभावितको न्यायमा सहज पहुँच पुर्‍याउने तथा पीडकलाई कानूनी दायरामा ल्याउने अवस्था सुनिश्चित गर्नु।

२.४.४ मानव बेचबिखन तथा ओसारपसार विरुद्ध तीनवटै तहका सरकार र सरोकारवालाबीच द्विपक्षीय तथा बहुपक्षीय सहयोग र सहकार्यलाई प्रवर्धन गर्नु।

२.४.५ तीनवटै तहका सरकार र सरोकारवालाको क्षमता अभिवृद्धि गर्दै सम्बन्धित सबै सरकारी संयन्त्रहरूबाट सङ्कलित वर्गीकृत तथ्याङ्क एकीकृत गर्नु र अनुगमन मूल्याङ्कनलाई प्रभावकारी बनाउनु।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## २.५ नीति

१. मानव बेचबिखन तथा ओसारपसार विरुद्ध तीनवटै तहको सरकारबाट समुदायमा जोखिम पहिचान र स्रोत नक्साङ्कनका साथै यस अपराधलाई बढावा दिने कारकतत्वको पहिचान गरी तदनुरूप निरोधका उपाय अवलम्बन गर्ने (उद्देश्य २.४.१ सँग सम्बन्धित)।

२. मानव बेचबिखन तथा ओसारपसार रोकथामका लागि जोखिमउन्मुख व्यक्ति तथा समुदायको सशक्तीकरण गर्ने (उद्देश्य २.४.१ सँग सम्बन्धित)।

३. मानव बेचबिखन तथा ओसारपसार विरुद्ध समुदायगत निगरानी प्रणालीको निर्माण तथा सुदृढीकरण गर्ने (उद्देश्य २.४.१ सँग सम्बन्धित)।

४. पीडित तथा प्रभावितको पहिचान, उद्धार, सहायता र संरक्षण प्रणालीलाई पीडित केन्द्रित बनाई सबै सरोकारवालाको संयुक्त प्रयासमा पीडितलाई पुनःपीडित हुन नदिन आश्रय, सुरक्षा, मनोसामाजिक परामर्श, दिगो पुनर्स्थापना र पुनःएकीकरणको व्यवस्था गर्ने (उद्देश्य २.४.२ सँग सम्बन्धित)।

५. मानव बेचबिखन तथा ओसारपसार विरुद्धको कानूनलाई सङ्घीय शासन प्रणाली तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार संशोधन गरी समय सापेक्ष बनाउने (उद्देश्य २.४.३ सँग सम्बन्धित)।

६. मानव बेचबिखन तथा ओसारपसार विरुद्धको अनुसन्धान, अभियोजन र न्याय निरूपणलाई प्रभावकारी र पीडित तथा प्रभावित मैत्री बनाउने (उद्देश्य २.४.३ सँग सम्बन्धित)।

७. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रशासनिक नियमन र निगरानी प्रणालीलाई थप सुदृढ गर्ने (उद्देश्य २.४.३ सँग सम्बन्धित)।

८. मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सबै सरकारी संयन्त्र, नागरिक समाज, गैरसरकारी संस्था, निजी क्षेत्र, विकास साझेदार तथा सञ्चार माध्यमको राष्ट्रियस्तरको सञ्जाल निर्माण गरी आपसी समन्वय, सहयोग तथा सहकार्यलाई प्रवर्धन गर्ने (उद्देश्य २.४.४ सँग सम्बन्धित)।

९. गन्तव्य मुलुकहरू र सीमा जोडिएका मुलुकहरूबीच मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सीमा निगरानी, पीडित तथा प्रभावितको उद्धार र संरक्षण, पारस्परिक कानूनी सहायता तथा प्रवर्धनात्मक कार्यहरूका लागि द्विपक्षीय एवं बहुपक्षीय सहयोग, समझदारी र सहकार्यलाई प्रभावकारी बनाउने। (उद्देश्य २.४.४ सँग सम्बन्धित)।

१०. मानव बेचबिखन तथा ओसारपसारको रोकथाम र नियन्त्रण, पीडित तथा प्रभावितको पहिचान, उद्धार, संरक्षण, पुनर्स्थापना र पुनःएकीकरणका लागि तीनवटै तहमा संयन्त्र तथा संरचना निर्माण गरी क्षमता अभिवृद्धि गर्ने (उद्देश्य २.४.५ सँग सम्बन्धित)।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

११. पीडित तथा प्रभावितको गोपनीयताको अधिकारलाई सुनिश्चित गर्दै मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी एकीकृत तथ्याङ्क तयार गर्ने (उद्देश्य २.४.५ सँग सम्बन्धित)।

१२. मानव बेचबिखन तथा ओसारपसार विरुद्धका सम्पूर्ण प्रयासहरूको यथार्थ स्थितिको जानकारीका लागि अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई संस्थागत गर्ने (उद्देश्य २.४.५ सँग सम्बन्धित)।

## २.६ रणनीति

**नीति नं. १ (मानव बेचबिखन तथा ओसारपसार विरुद्ध तीनवटै तहको सरकारबाट समुदायमा जोखिम पहिचान र स्रोत नक्साङ्कनका साथै यस अपराधलाई बढावा दिने कारकतत्वको पहिचान गरी तदनुरूप निरोधका उपायहरू अवलम्बन गर्ने) सँग सम्बन्धित।**

२.६.१. स्थानीय तहको अगुवाईमा सबै वडाहरूमा जोखिमउन्मुख वर्ग वा समुदायको पहिचान गर्ने।

२.६.२. मानव बेचबिखन तथा ओसारपसार विरुद्ध हुने गतिविधिहरूको स्थानीयस्तरमा लेखाङ्कन गर्ने।

२.६.३. मानव बेचबिखन तथा ओसारपसार विरुद्ध तथ्यमा आधारित योजना तथा कार्यक्रम तर्जुमा गर्ने।

२.६.४. समुदायका अगुवा, पुरुष सञ्जाल, शिक्षक, धर्मगुरू, राजनीतिक तथा सामाजिक अगुवा र पीडित तथा प्रभावितलाई परिवर्तनका संवाहकका रूपमा परिचालन गर्ने।

२.६.५. औपचारिक तथा अनौपचारिक शिक्षामार्फत समुदायमा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध अभियान सञ्चालन गर्ने।

२.६.६. सामाजिक सङ्घसंस्था, समुदायमा आधारित सङ्घसंस्था, सञ्चार क्षेत्र र डिजिटल प्लेटफर्मको भूमिकालाई मैत्रीपूर्ण र सशक्त बनाई प्रभावकारी रूपमा परिचालन गर्ने।

**नीति नं. २ (मानव बेचबिखन तथा ओसारपसारको रोकथामका लागि जोखिमउन्मुख व्यक्ति तथा समुदायको सशक्तीकरण गर्ने) सँग सम्बन्धित।**

२.६.७. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावित र जोखिममा रहेका व्यक्ति वा समुदायको क्षमता विकास गर्ने।

२.६.८. अति विपन्न र जोखिमउन्मुख वर्ग वा समुदायलाई लक्षित गरी सामाजिक र आर्थिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने।

**नीति नं. ३ (मानव बेचबिखन तथा ओसारपसार विरुद्ध समुदायगत निगरानी प्रणालीको निर्माण तथा सुदृढीकरण गर्ने) सँग सम्बन्धित**

२.६.९. वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित तुल्याउन सङ्घ, प्रदेश र स्थानीय तहसम्म सूचना प्रणालीलाई व्यवस्थित गर्ने।

२.६.१० मानव बेचबिखन तथा ओसारपसार विरुद्ध समुदायगत निगरानी प्रणालीको विकास गर्ने।

२.६.११. मनोरञ्जन र सत्कार सेवा क्षेत्रलाई व्यवस्थित, मर्यादित र सम्मानित बनाउन निगरानी गर्ने।

२.६.१२. यौन तथा श्रम शोषण र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि आवश्यक संयन्त्रको व्यवस्था गर्ने।

२.६.१३. सार्वजनिक यातायातको क्षेत्रमा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध निरोध तथा निगरानीलाई प्रभावकारी बनाउने।

**नीति नं. ४ (पीडित तथा प्रभावितको पहिचान, उद्धार, सहायता र संरक्षण प्रणालीलाई पीडित केन्द्रित बनाई सबै सरोकारवालाको संयुक्त प्रयासमा पीडितलाई पुनःपीडित हुन नदिन आश्रय, सुरक्षा, मनोसामाजिक परामर्श, दिगो पुनर्स्थापना र पुनःएकीकरणको व्यवस्था गर्ने) सँग सम्बन्धित।**

२.६.१४. मानव बेचबिखन तथा ओसारपसार पीडित तथा प्रभावित नेपाली नागरिकका हकमा पहिचानको अधिकार सुनिश्चित गर्ने।

२.६.१५. पीडित तथा प्रभावितको उद्धार, स्वदेश फिर्ती, पुनर्स्थापना र पुनःएकीकरणलाई मर्यादित र व्यवस्थित बनाउने।

२.६.१६. पीडित तथा प्रभावितको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्ने।

२.६.१७. पीडित तथा प्रभावितका गोपनीयताको अधिकार सुनिश्चित गर्ने।

२.६.१८. तीनवटै तहको सरकारले पीडित तथा प्रभावितको पुनर्स्थापनालाई दिगो र व्यवस्थित बनाउने।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

**नीति नं. ५ (मानव बेचबिखन तथा ओसारपसार विरुद्धको कानूनलाई सङ्घीय शासन प्रणाली तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार संशोधन गरी समय सापेक्ष बनाउने) सँग सम्बन्धित।**

२.६.१९. तीनवटै तहका सरकारका भूमिका र जिम्मेवारीलाई परिभाषित गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कानून समयमै तर्जुमा तथा संशोधन गर्ने।

**नीति नं. ६ (मानव बेचबिखन तथा ओसारपसार विरुद्धको अनुसन्धान, अभियोजन र न्याय निरूपणलाई प्रभावकारी र पीडित तथा प्रभावित मैत्री बनाउने) सँग सम्बन्धित।**

२.६.२०. मानव बेचबिखन तथा ओसारपसार र अनलाइन दुर्व्यवहार तथा शोषण विरुद्धको उजुरी, अनुसन्धान तथा अभियोजन प्रणालीमा सरलीकरण तथा सुदृढीकरण गर्ने।

२.६.२१. मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाहरू पीडित तथा प्रभावित केन्द्रित बनाई न्यायको पहुँच सुनिश्चित गर्ने।

**नीति नं. ७ (मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रशासनिक नियमन र निगरानी प्रणालीलाई थप सुदृढ गर्ने) सँग सम्बन्धित।**

२.६.२२. मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सीमा प्रशासनलाई प्रभावकारी रूपमा परिचालन गर्ने।

२.६.२३. भिजिट भिसा, अध्ययन भिसा, धर्मपुत्र-धर्मपुत्री, विदेशीसँगको विवाह, अङ्ग प्रत्यारोपण जस्ता मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले संवेदनशील क्षेत्रमा संलग्न एजेन्ट तथा एजेन्सीको निगरानी र अनुगमन गर्ने।

२.६.२४. मुलुकभित्र यौन शोषण तथा श्रम शोषणका लागि जोखिम मानिने होटेल, पर्यटन व्यवसाय, उद्योग कलकारखाना, यातायात, पूर्वाधार निर्माण र वैदेशिक रोजगारका क्षेत्र जस्ता नियामक निकायहरूको निगरानी, निरीक्षण, अनुगमन र नियमनलाई प्रभावकारी बनाउने।

**नीति नं. ८ (मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सबै सरकारी संयन्त्र, नागरिक समाज, गैरसरकारी संस्था, निजी क्षेत्र, विकास साझेदार तथा सञ्चार माध्यमको राष्ट्रियस्तरको सञ्जाल निर्माण गरी आपसी समन्वय, सहयोग तथा सहकार्यलाई प्रवर्धन गर्ने) सँग सम्बन्धित।**

२.६.२५. मानव बेचबिखन तथा ओसारपसार विरुद्धको प्रयासलाई सबल, संगठित र प्रभावकारी बनाउन राष्ट्रियस्तरको साझा मञ्च निर्माण गर्ने।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

२.६.२६. मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सङ्घ, प्रदेश र स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति गठन र परिचालन गर्ने।

२.६.२७. सङ्घ, प्रदेश र स्थानीय तहमा सरोकारवाला सबैको सहयोग, समन्वय र साझेदारी अभिवृद्धि गर्ने।

**नीति नं. ९ (गन्तव्य मुलुकहरू र सीमा जोडिएका मुलुकहरूबीच मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सीमा निगरानी, पीडित तथा प्रभावितको उद्धार र संरक्षण, पारस्परिक कानूनी सहायता तथा प्रवर्धनात्मक कार्यहरूका लागि द्विपक्षीय एवं बहुपक्षीय सहयोग, समझदारी र सहकार्यलाई प्रभावकारी बनाउने) सँग सम्बन्धित।**

२.६.२८. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सीमा जोडिएका तथा नेपाली अधिक रहेका मुलुकहरूसँग द्विपक्षीय समन्वय र सहयोग अभिवृद्धि गर्ने।

२.६.२९. सार्क राष्ट्रहरूबीच मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सार्क महासन्धि अनुसार द्विपक्षीय र बहुपक्षीय समन्वय, सहयोग र समझदारी अभिवृद्धि गर्ने।

२.६.३०. वैदेशिक रोजगारीका लागि विदेश पुगेका नेपाली कामदारहरूको हितका लागि सम्बन्धित मुलुकहरूसँग श्रम सम्झौता गर्ने।

**नीति नं. १० (मानव बेचबिखन तथा ओसारपसारको रोकथाम र नियन्त्रण, पीडित तथा प्रभावितको पहिचान, उद्धार, संरक्षण, पुनर्स्थापना र पुनःएकीकरणका लागि तीनवटै तहमा संयन्त्र तथा संरचना निर्माण गरी क्षमता अभिवृद्धि गर्ने) सँग सम्बन्धित।**

२.६.३१. मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति, २०८२ तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध निकाय तथा संयन्त्रको क्षमता अभिवृद्धि गर्ने।

२.६.३२. मानव बेचबिखन तथा ओसारपसार विरुद्ध विदेशस्थित नेपाली नियोगहरू र नियामक निकायहरूको क्षमता अभिवृद्धि गर्ने।

**नीति नं. ११ (पीडित तथा प्रभावितको गोपनीयताको अधिकारलाई सुनिश्चित गर्दै मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी एकीकृत तथ्याङ्क तयार गर्ने) सँग सम्बन्धित।**

२.६.३३. तीनवटै तहका सरकारका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी तथ्याङ्कलाई सामाजिक सूचना व्यवस्थापन प्रणालीमा एकीकृत गरी व्यवस्थित र सुरक्षित बनाउने।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

२.६.३४. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी एकीकृत तथ्याङ्क प्रणालीलाई संस्थागत गर्न सबै सरोकारवालाहरूको क्षमता विकास गर्ने।

**नीति नं. १२ (मानव बेचबिखन तथा ओसारपसार विरुद्धका सम्पूर्ण प्रयासहरूको यथार्थ स्थितिको जानकारीका लागि अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई संस्थागत गर्ने) सँग सम्बन्धित।**

२.६.३५. मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सञ्चालन गरिने सबै प्रकारका कार्यक्रमहरूको तहगत रूपमा अनुगमन गर्ने।

२.६.३६. सरकारी निकाय तथा गैर सरकारी संस्था र विकास साझेदारहरूबाट सञ्चालित मानव बेचबिखन तथा ओसारपसार विरुद्धको कार्यक्रमहरूको समय समयमा समीक्षा गर्ने।

## २.७. कार्यनीति

**रणनीति २.६.१ (स्थानीय तहको अगुवाईमा सबै वडाहरूमा जोखिमउन्मुख वर्ग वा समुदायको पहिचान गर्ने) सँग सम्बन्धित।**

२.७.१ जोखिममा रहेका तथा जोखिमउन्मुख समुदायको पहिचानसम्बन्धी मापदण्ड बनाईनेछ।

२.७.२ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी अध्ययन अनुसन्धान गरी स्थानीय तहमा सोहीअनुसार तथ्याङ्क व्यवस्थापन गरिनेछ।

२.७.३ सरोकारवाला निकाय तथा संस्थाहरूको स्रोत नक्साङ्कनबारे नमूना विधि तयार गर्ने र स्थानीय तहमा तथ्याङ्क अद्यावधिक गरी जोखिम उन्मुख व्यक्ति तथा समुदायको पहिचान गरिनेछ।

२.७.४ जोखिममा परेका परिवार समुदाय (विपद्, हिंसा र बहिष्करणमा परेका) लाई विशेष सहायता प्रदान (पुनर्स्थापना र पुनःएकीकरण) गरिनेछ।

**रणनीति २.६.२ (मानव बेचबिखन तथा ओसारपसार विरुद्ध हुने गतिविधिहरूको स्थानीयस्तरमा लेखाङ्कन गर्ने) सँग सम्बन्धित।**

२.७.५ मानव बेचबिखन तथा ओसारपसार हुन सक्ने शंकास्पद गतिविधिको अभिलेखीकरण गरिनेछ।

२.७.६ जोखिमउन्मुख र पीडित तथा प्रभावितको स्थिति ट्र्याक गर्न र जोखिमका क्षेत्रहरूको पहिचानमा डिजिटल प्रणालीको प्रयोग गर्न सार्वजनिक र निजी क्षेत्रको सहकार्य प्रवर्धन गरिनेछ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्
सिंहदरबार, काठ

२.७.७ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र र सुरक्षित गृह (सेफ हाउस) तथा पुनर्स्थापना केन्द्रहरूको सेवालाई पहुँचयोग्य बनाइनेछ।

**रणनीति २.६.३ (मानव बेचबिखन तथा ओसारपसार विरुद्ध तथ्यमा आधारित योजना तथा कार्यक्रम तर्जुमा गर्ने) सँग सम्बन्धित।**

२.७.८ प्रदेश तथा स्थानीय तह र गैरसरकारी संस्थासँगको समन्वयमा मानव बेचबिखन तथा ओसारपसारका समस्या तथा कारणबारे अध्ययन गरी सोको रोकथाम गर्न आवश्यक पर्ने कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ।

२.७.९ विभिन्न शैक्षिक तथा प्राज्ञिक संस्थाबाट गरिने मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अध्ययन अनुसन्धानलाई प्रोत्साहित गरिनेछ। अध्ययन प्रतिवेदनलाई एकीकृत गरिनेछ।

**रणनीति २.६.४ (समुदायका अगुवा, पुरुष सञ्जाल, शिक्षक, धर्मगुरू, राजनीतिक तथा सामाजिक अगुवा र पीडित तथा प्रभावितलाई परिवर्तनका संवाहकका रूपमा परिचालन गर्ने) सँग सम्बन्धित।**

२.७.१० सातवटै प्रदेश तथा स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध अभियान सञ्चालनमा सरिक हुन सबै राजनीतिक दलहरूको प्रतिबद्धतालाई अभिलेखीकण गरिनेछ।

२.७.११ सबै वडाका समुदायमा आधारित सङ्घसंस्था एवं टोल विकास समिति तथा संस्थाका अगुवा कार्यकर्ताहरूलाई मानव बेचबिखन तथा ओसारपसार विरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस मनाउने सन्दर्भमा समेत अग्रणी अभियान्ताका रूपमा परिचालन गरिनेछ।

२.७.१२ समुदायमा अग्रणी भूमिकामा रहेका व्यक्तिहरूलाई सामाजिक सङ्घसंस्थाको पहलमा मानव बेचबिखन तथा ओसारपसार, यौनजन्य हिंसा र दुर्व्यवहार, बालश्रम, बाल विवाह जस्ता सामाजिक कुरीति विरुद्ध परिचालन गरिनेछ।

**रणनीति २.६.५ (औपचारिक तथा अनौपचारिक शिक्षा मार्फत समुदायमा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध अभियान सञ्चालन गर्ने) सँग सम्बन्धित।**

२.७.१३ आधारभूत तथा माध्यमिक तहको पाठ्यक्रममा मानव बेचबिखन तथा ओसारपसार एवं आन्तरिक र बाह्य बसाइसराईबारे विषयवस्तु समावेश गरिनेछ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को
सिंहदरबार, काठमाडौं

२.७.१४ बालबालिका र किशोरकिशोरीलाई मानव बेचबिखन तथा ओसारपसार लगायतका सङ्गठित अपराधहरू विरुद्ध सचेतना जगाउने कार्यक्रमहरू सञ्चालन गर्नुका साथै आत्मरक्षासम्बन्धी तालिम प्रदान गरिनेछ।

२.७.१५ विद्यालयमा रहेका बाल क्लब तथा विद्यार्थी समूहमार्फत मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सन्देशमूलक सामग्रीहरू विद्यालय र समुदायस्तरमा प्रवाह गरिनेछ।

२.७.१६ विपन्न, सीमान्तकृत तथा जोखिमयुक्त समुदायमा सचेतना जगाउन लैङ्गिक भूमिका रूपान्तरण, सकारात्मक अभिभावकत्व जस्ता लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२.७.१७ आमसञ्चार र नागरिक समाजसँगको सहकार्यमा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध पैरवी, सचेतना, निगरानी र खबरदारीको व्यवस्था संस्थागत गरिनेछ।

२.७.१८ सरकारी तथा गैरसरकारी क्षेत्रको सूचना तथा तथ्याङ्क सहित प्रत्येक वर्ष मानव बेचबिखन तथा ओसारपसार विरुद्धको प्रतिवेदन प्रकाशन तथा वितरण गरिनेछ।

२.७.१९ मानव बेचबिखन तथा ओसारपसारमा परेकालाई सहायता हुनेगरी सूचना पुस्तिका उत्पादन गरी वैदेशिक रोजगारीमा जानेहरूलाई वितरण गरिनेछ।

२.७.२० वैदेशिक रोजगारमा जानेहरूलाई प्रदान गरिने पूर्वप्रस्थान अभिमुखीकरण तालिमको पाठ्यक्रममा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी जानकारी समावेश गरिनेछ।

**रणनीति २.६.६ (सामाजिक सङ्घसंस्था, समुदायमा आधारित सङ्घसंस्था, सञ्चार क्षेत्र र डिजिटल प्लेटफर्मको भूमिकालाई सशक्त बनाई प्रभावकारी रूपमा परिचालन गर्ने) सँग सम्बन्धित।**

२.७.२१ मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सचेतना अभिवृद्धि गर्न सन्देशमूलक श्रव्य दृष्य सामग्रीहरूको उत्पादन गरी व्यापक प्रचारप्रसार गरिनेछ।

२.७.२२ सामाजिक सङ्घसंस्था र नेपाल प्रहरीको समुदाय-प्रहरी साझेदारी कार्यक्रममार्फत ग्रामीण तथा सहरी क्षेत्रका बालबालिका, किशोर किशोरी, युवायुवतीलाई लक्षित गरी सूचना प्रविधि तथा अन्य माध्यमबाट हुने मानव बेचबिखन तथा ओसारपसार विरुद्ध डिजिटल साक्षरता र सचेतनासम्बन्धी अभियान सञ्चालन गरिनेछ।

**रणनीति २.६.७ (मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावित र जोखिममा रहेका व्यक्ति र समुदायको क्षमता विकास गर्ने।) सँग सम्बन्धित**



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

२.७.२३ आर्थिकरूपमा विपन्न परिवारका बालबालिकाहरूको हकमा विशेष सुविधासहित विद्यालय शिक्षा पूरा गर्ने व्यवस्था गरिनेछ।

२.७.२४ "पढ्दै कमाउदै" को अवधारणाबमोजिम जोखिमउन्मुख बालबालिकाको विद्यालय शिक्षालाई अध्ययन, सीप, उत्पादन, बजार र आयआर्जनसँग आबद्ध गरिनेछ।

२.७.२५ अति विपन्न, सीमान्तकृत, जोखिमउन्मुख र पीडित तथा प्रभावितहरूको माग र स्थानीय बजारको आवश्यकताबमोजिम सीप तथा उद्यमशीलता विकासको कार्यक्रम र उत्पादनको बजारीकरण तथा रोजगारीमा प्राथमिकता दिने व्यवस्था गरिनेछ।

२.७.२६ स्वरोजगार हुन ईच्छुक जोखिमउन्मुख व्यक्ति तथा वर्ग वा समुदाय र पीडित तथा प्रभावितहरूलाई सीप विकास तालिम प्रदान गरी पेशा वा व्यवसाय सञ्चालन गर्न बीऊ पुँजीको व्यवस्था गरिनेछ।

**रणनीति २.६.८ (अति विपन्न र जोखिममा रहेका व्यक्ति र समुदायलाई लक्षित गरी सामाजिक र आर्थिक सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्ने) सँग सम्बन्धित।**

२.७.२७ तीन वटै तहका सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन हुने कृषि, उद्योग, पर्यटनलगायतका क्षेत्रमा अति विपन्न, सीमान्तकृत र जोखिम समुदायका व्यक्तिहरूलाई रोजगारका अवसर सिर्जना गरी आय आर्जनमा पहुँच वृद्धि गरिनेछ।

२.७.२८ सरकारी क्षेत्रबाट सञ्चालन भएका सबै किसिमका सामाजिक सुरक्षा कार्यक्रमहरूमा अति विपन्न, सीमान्तकृत र जोखिम समुदायका व्यक्तिहरूको सहज र सुलभ पहुँच सुनिश्चित गरिनेछ।

**रणनीति २.६.९ (वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित तुल्याउन सङ्घ, प्रदेश र स्थानीय तहसम्म सूचना प्रणालीलाई व्यवस्थित गर्ने) सँग सम्बन्धित।**

२.७.२९ प्रदेश र स्थानीय तहको पहलमा सबै स्थानीय तहमा सुरक्षित आप्रवासनसम्बन्धी सूचना केन्द्र क्रमश: स्थापना र सञ्चालन गर्दै लगिनेछ।

२.७.३० वैदेशिक रोजगार र वैदेशिक अध्ययनका लागि सञ्चालित कन्सलटयान्सी, एजेन्सी, कम्पनी तथा फर्महरूको सूचना प्रणालीमा निरन्तर निगरानी र अनुगमन गरिनेछ।

२.७.३१ स्थानीय तहमा वैदेशिक रोजगारमा गएका व्यक्तिहरूको तथ्याङ्क राखी निजहरूको स्थितिको जानकारी लिने आवश्यक प्रबन्ध मिलाइनेछ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को
सिंहदरबार, काठमाडौं

२.७.३२ वैदेशिक रोजगारीसँग सम्बन्धित तथ्याङ्कहरूलाई सामाजिक सूचना व्यवस्थापन प्रणालीसँग आबद्ध गर्ने व्यवस्था मिलाइनेछ।

**रणनीति २.६.१० (मानव बेचबिखन तथा ओसारपसार विरुद्ध समुदाय निगरानी प्रणालीको विकास गर्ने) सँग सम्बन्धित।**

२.७.३३ वडा तथा टोलहरूमा "समुदाय-प्रहरी साझेदारी कार्यक्रम" लाई मानव बेचबिखन तथा ओसारपसार जस्ता सङ्गठित अपराधका विरुद्ध समेत परिचालन गरिनेछ।

२.७.३४ "समुदाय-प्रहरी साझेदारी कार्यक्रम" अन्तर्गत समुदायमा आधारित निगरानी प्रणालीको स्थापना गरी मानव बेचबिखन तथा ओसारपसार विरुद्ध निगरानी राख्ने व्यवस्था गरिनेछ।

२.७.३५ समुदायमा आधारित निगरानी प्रणालीमार्फत मानव बेचबिखन तथा ओसारपसार हुन सक्ने गतिविधि र सशंकित व्यक्ति उपर निगरानी राखिनेछ।

**रणनीति २.६.११ (मनोरञ्जन र सत्कार सेवा क्षेत्रलाई व्यवस्थित, मर्यादित र सम्मानित बनाउन निगरानी गर्ने) सँग सम्बन्धित।**

२.७.३६ औपचारिक वा अनौपचारिक रूपमा सञ्चालनमा रहेका मनोरञ्जन र सत्कार सेवा क्षेत्रका व्यवसायहरूको दर्ता वा सञ्चालन अनुमति, नवीकरण लगायतका अनुगमन, निरीक्षण तथा नियमनलाई प्रभावकारी बनाइनेछ।

२.७.३७ कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र शोषण नियन्त्रणका लागि सरोकारवाला सबैलाई अभिमुखीकरण गराइनेछ।

२.७.३८ मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा यौन तथा श्रम शोषण विरुद्ध सञ्चालक, व्यवस्थापक, ग्राहक र कर्मचारीहरूले पालना गर्नुपर्ने आचारसंहिता निर्माण गरी सोको कार्यान्वयनका लागि अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाइनेछ।

२.७.३९ घरेलु काम, मनोरञ्जन तथा सत्कार सेवा जस्ता अनौपचारिक क्षेत्रलाई व्यवस्थित तथा मर्यादित बनाउन रोजगारदातासँग सहकार्य गरिनेछ।

२.७.४० मनोरञ्जन क्षेत्रमा कार्यरत कलाकारलाई कार्यक्रमका लागि विदेश प्रस्थान गर्दा अनिवार्य रूपमा विवरण प्रविष्टि गर्न प्रणाली विकास गरिनेछ र सोको नियमित अनुगमन गरिनेछ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

**रणनीति २.६.१२ (यौन तथा श्रम शोषण र बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि आवश्यक संयन्त्र व्यवस्थापन गर्ने) सँग सम्बन्धित।**

२.७.४१ राष्ट्रिय बालअधिकार परिषद् र प्रदेश सरकारको संयुक्त पहलमा सबै जिल्लाहरूमा बालबालिका खोजतलास सेवा (१०४) बाल हेल्पलाइन (१०९८) को बिस्तार गरिनेछ।

२.७.४२ बालबालिका सम्बन्धी ऐन, २०७५ को प्रावधानबमोजिम सबै स्थानीय तहमा बाल कल्याण अधिकारीको व्यवस्था गरिनेछ।

२.७.४३ स्थानीय तहमा "बालमैत्री वडा", "बाल मैत्री स्थानीय शासन" अभियानलाई प्राथमिकता दिई सञ्चालन गरिनेछ।

२.७.४४ सबै स्थानीय तहमा महिला संरक्षण अधिकारीको व्यवस्था गरिने, राष्ट्रिय महिला आयोगको हटलाइन सेवा (११४५) लाई बिस्तार गरिने र प्रविधिजन्य मानव बेचबिखन नियन्त्रणको लागि आवश्यक संयन्त्र निर्माण गरिनेछ।

२.७.४५ संरक्षणबिहीन बालबालिकाको संस्थागत स्याहारका लागि सञ्चालन भइरहेका सबै प्रकारका बाल गृहहरूमा बालबालिका विरुद्ध हुने शोषण, दुर्व्यवहार, हिंसा र बेचबिखनलाई नियन्त्रण गर्न स्थानीय तहले गर्ने अनुगमन, निगरानी तथा नियमनलाई प्रभावकारी बनाइनेछ।

**रणनीति २.६.१३ (सार्वजनिक यातायातको क्षेत्रमा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध निरोध तथा निगरानीलाई प्रभावकारी बनाउने) सँग सम्बन्धित।**

२.७.४६ सार्वजनिक यातायात तथा यात्रु आवागमन धेरै हुने स्थानहरूमा मानव बेचबिखन तथा ओसारपसार विरुद्धको सचेतनामूलक सूचना सामग्रीहरूको प्रचारप्रसार तथा सूचना प्रवाह, अनुगमन तथा निगरानीलाई प्रभावकारी बनाइनेछ।

२.७.४७ लामो तथा छोटो दूरीमा चल्ने सार्वजनिक यातायातका सवारी साधनहरूमा कार्यरत यातायात मजदूरहरूलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी विशेष तालिम प्रदान गर्ने र सशंकित व्यक्तिहरू देखिए वा भेटिए रिपोर्ट गर्ने हेल्पलाईनको व्यवस्था गरिनेछ।

**रणनीति २.६.१४ (मानव बेचबिखन तथा ओसारपसारका पीडित तथा प्रभावित नेपाली नागरिकका हकमा पहिचानको अधिकार सुनिश्चित गर्ने) सँग सम्बन्धित।**

२.७.४८ स्वदेश तथा विदेशमा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावित नेपाली नागरिकहरू तथा उनीहरूबाट जन्मेको सन्तानको सूचना तथा जानकारी प्रवाह,



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सिंहदरबार, काठमाडौं

पहिचान तथा स्वदेश फिर्ती गर्ने सम्बन्धमा सरोकारवाला सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूको भूमिका सहितको कार्यविधि तर्जुमा गरिनेछ।

**रणनीति २.६.१५ (पीडित तथा प्रभावितको उद्धार, स्वदेश फिर्ती, पुनर्स्थापना र पुनःएकीकरणलाई मर्यादित र व्यवस्थित बनाउने) सँग सम्बन्धित।**

२.७.४९ स्वदेशी तथा विदेशी पीडित तथा प्रभावितहरूको उद्धार र स्वेच्छिक घर तथा स्वदेश फिर्ती सम्बन्धी मानकसहितको कार्यविधि निर्माण गरी सोकार्यलाई व्यवस्थित बनाईनेछ।

२.७.५० सङ्घ, प्रदेश, जिल्ला र स्थानीय तहमा प्रेषण प्रणालीको निर्माण गरी पहिचान, उद्धार, स्वदेश तथा घर फिर्ती, पुनर्स्थापना र पुनःएकीकरणमा संलग्न रहने सरकारी, गैरसरकारी, निजी क्षेत्र लगायतका सरोकारवालाहरूको भूमिका र जिम्मेवारी कानूनद्वारा स्पष्ट गरी पीडित तथा प्रभावितको हेरचाह तथा संरक्षणलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाईनेछ।

२.७.५१ "पीडित तथा प्रभावितहरूको संरक्षण र पुनर्स्थापना तथा पुनःएकीकरणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८" को पुनरावलोकन गरी तीनवटै तहको भूमिका स्पष्ट हुनेगरी नयाँ राष्ट्रिय न्यूनतम मापदण्ड तर्जुमा गरिनेछ।

**रणनीति २.६.१६ (पीडित तथा प्रभावितहरूको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्ने) सँग सम्बन्धित।**

२.७.५२ पहिचान भएका पीडित तथा प्रभावितलाई कुनै प्रकारको लाञ्छना, हीनताबोध हुन वा अमर्यादित व्यवहार हुन नदिन आचारसंहिता निर्माण गरी सरोकारवालाहरूलाई अभिमुखीकरण गरिनेछ।

२.७.५३ पीडित तथा प्रभावित र आश्रित बालबालिकाहरूको विशेष आवश्यकता र संरक्षणका सवालहरूलाई सम्बोधन गरिनेछ।

२.७.५४ नेपाल प्रहरी तथा सरकारी वकील कार्यालयहरूमा पीडित तथा प्रभावितमैत्री एवं बालमैत्री कक्षहरू स्थापना गरिनेछ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को
सिंहदरबार, काठमा

**रणनीति २.६.१७ (पीडित तथा प्रभावितका गोपनीयताको अधिकार सुनिश्चित गर्ने) सँग सम्बन्धित।**

२.७.५५ पीडित तथा प्रभावितहरूको गोपनीयताको अधिकारसम्बन्धी सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरूमा वडापत्रको माध्यमबाट सरोकारवालाहरूलाई सुसूचित गराइनेछ।

२.७.५६ जाहेरी दर्ता, अनुसन्धान, अभियोजन र अदालती कारबाही तथा संरक्षण गृह तथा पुनर्स्थापना केन्द्रहरूमा समेत पीडित तथा प्रभावितहरूको गोपनीयताको अधिकारलाई पूर्ण रूपमा पालना गराइनेछ।

**रणनीति २.६.१८ (तीन वटै तहको सरकारले पीडित तथा प्रभावितहरूको पुनर्स्थापनालाई दिगो र व्यवस्थित बनाउने।) सँग सम्बन्धित**

२.७.५७ सङ्घ, प्रदेश तथा स्थानीय तहको भूमिका र जिम्मेवारी स्पष्ट हुने गरी पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८ को पुनरावलोकन गरी नयाँ पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका तर्जुमा गरिनेछ।

२.७.५८ सङ्घ, प्रदेश र स्थानीय तहमा आवश्यकता अनुसार दीर्घकालीन र अल्पकालीन पुनर्स्थापना केन्द्रहरूको स्थापना, सञ्चालन र व्यवस्थापन गरिनेछ।

२.७.५९ पुनर्स्थापना केन्द्रहरूको सञ्चालन तथा व्यवस्थापनमा गैरसरकारी संस्थाहरूको साझेदारीलाई प्रवर्धन गरिनेछ।

२.७.६० सङ्घ, प्रदेश, स्थानीय तह र सबै जिल्लामा पीडित तथा प्रभावितलाई विभिन्न निकाय तथा संस्थाहरूबाट उपलब्ध हुने सेवा सहायताबारे सरल र संक्षिप्त सन्दर्भ सूची तयार गरिनेछ।

२.७.६१ पारिवारिक पुनर्मिलनलाई प्राथमिकतामा राखी सङ्घ, प्रदेश र स्थानीय तहमा पीडित तथा प्रभावितहरूको पुनर्स्थापना तथा पुनःएकीकरणका लागि सङ्घसंस्था र निजी क्षेत्रको सहयोग र साझेदारीमा योजना कार्यान्वयन गरिनेछ।

२.७.६२ पारिवारिक पुनर्मिलन हुन नसकेका पीडित तथा प्रभावितका हकमा सामाजिक पुनःएकीकरणका लागि सीप तथा दक्षता अभिवृद्धिका साथै व्यवसाय, उद्यमशीलता तथा रोजगारीका लागि निजी क्षेत्रको साझेदारीलाई प्रवर्धन गरिनेछ।

२.७.६३ प्रदेश र स्थानीय तहमा पुनर्स्थापना कोष स्थापना गरी पीडित तथा प्रभावितको पुनर्स्थापना र पुनःएकीकरण प्रणालीलाई स्रोत सम्पन्न तुल्याईनेछ।

२.७.६४ पुनर्स्थापना कोषअन्तर्गत पीडित तथा प्रभावितको उद्धार, राहत साथै औषधोपचार, यातायात, परामर्श सेवा, कानूनी सहायता, शिक्षा, सीप विकास, बीऊपुँजी लगायतका खर्चसम्बन्धी यथोचित मापदण्ड निर्धारण गरी लागु गरिनेछ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को
सिंहदरबार, काठमाडौं

**रणनीति २.६.१९ (तीन वटै तहका सरकारको भूमिका र जिम्मेवारीलाई परिभाषित गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी कानून तर्जुमा तथा संशोधन गर्ने।) सँग सम्बन्धित**

२.७.६५ पालेर्मो प्रोटोकलको प्रावधानबमोजिम सबै प्रकृति र आयामको मानव बेचबिखन तथा ओसारपसारलाई समेट्ने वृहत् परिभाषासहित सङ्घीय संरचनासँग मिलान हुने गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी विद्यमान कानूनलाई परिमार्जन गरिनेछ।

२.७.६६ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र अन्य ऐनहरू जस्तै वैदेशिक रोजगार ऐन, २०६४; श्रम ऐन, २०७४; बालबालिका सम्बन्धी ऐन, २०७५; बालश्रम (निषेध र नियमन गर्ने) ऐन, २०५६; कमैया श्रम (निषेध गर्ने सम्बन्धी) ऐन, २०५८ लगायतका अन्तरसम्बन्धित ऐन कानूनबीच तादात्म्यता कायम हुने गरी परिमार्जन गरिनेछ।

२.७.६७ सङ्घीय सरकारको कार्यक्षेत्रमा निहीत अन्तर्राष्ट्रिय सम्बन्ध, सम्पर्क, अन्तर्राष्ट्रिय प्रतिवेदन र विदेशी भूमिबाट उद्धार, स्रोत विनियोजन जस्ता कार्यमा जिम्मेवारी तथा दायित्व स्पष्ट हुने गरी कानून परिमार्जन गरिनेछ।

२.७.६८ प्रदेशस्तर र स्थानीय तहमा रणनीति, कार्ययोजना, प्रेषण प्रणाली, दीर्घकालीन र अल्पकालीन पुर्स्थापना गृह सम्बन्धमा सबै सरोकारवालाहरूको सहकार्य हुने गरी कानून निर्माण तथा परिमार्जन गरिनेछ।

**रणनीति २.६.२० (मानव बेचबिखन तथा ओसारपसार र अनलाइन दुर्व्यवहार तथा शोषण विरुद्धको उजुरी, अनुसन्धान र अभियोजन प्रणालीमा सरलीकरण तथा सुदृढीकरण गर्ने।) सँग सम्बन्धित**

२.७.६९ नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरो र साइबर अपराध अनुसन्धान ब्यूरोको सेवालाई बिस्तार गरी स्थानीयस्तरमा समेत मानव बेचबिखन तथा ओसारपसार, मानव तस्कर, अनलाइन दुर्व्यवहार, शोषण तथा उत्पीडन विरुद्ध सरल र सहज तरिकाले उजुरी दिन पाउने व्यवस्था गरिनेछ।

२.७.७० नेपाल प्रहरीअन्तर्गत विभिन्न कार्यालय तथा ईकाइमा स्थापित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा मानव बेचबिखन तथा ओसारपसार, अनलाइन दुर्व्यवहार र शोषण विरुद्धको जाहेरी तथा उजुरी लेखन र दर्ता प्रक्रियालाई पीडित तथा प्रभावितमैत्री बनाईनेछ।

२.७.७१ नेपाल प्रहरीको हटलाइन र अनलाइन प्रणालीमार्फत प्राप्त हुने मानव बेचबिखन तथा ओसारपसार र अनलाइन दुर्व्यवहार तथा शोषण विरुद्धको सूचना तथा जानकारीलाई जाहेरीको रूपमा लिई अनुसन्धान प्रक्रियालाई अगाडि बढाइनेछ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

२.७.७२ अनुसन्धान तथा अभियोजनसँग सम्बद्ध प्रहरी अधिकृत तथा सरकारी वकिलहरूलाई पीडित तथा प्रभावितमैत्री अनुसन्धान तथा अभियोजनसम्बन्धी तालिम तथा अभिमुखीकरण प्रदान गरिनेछ।

२.७.७३ सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागसँगको समन्वय तथा सहकार्यमा मानव बेचबिखन तथा ओसारपसारमा संलग्न हुन सक्ने सम्भावित व्यक्तिहरूको वित्तीय कारोबारबारे अनुसन्धान तथा नियमन गरिनेछ।

**रणनीति २.६.२१ (मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाहरू पीडित तथा प्रभावित केन्द्रित बनाई न्यायको पहुँच सुनिश्चित गर्ने।) सँग सम्बन्धित**

२.७.७४ अदालत, प्रहरी, कानून व्यवसायी, स्थानीय न्यायिक समितिका पदाधिकारीहरू साथै कानून विषय अध्ययन तथा अध्यापन हुने शिक्षण संकायहरूमा पीडित तथा प्रभावित संवेदनशील व्यवहारसम्बन्धी तालिम तथा अभिमुखीकरण प्रदान गरिनेछ।

२.७.७५ कानूनबमोजिम व्यवस्था भएका द्रुत अदालत र बन्द इजलाशलाई प्रभावकारी बनाईनेछ।

२.७.७६ सरोकारवाला निकायहरूबाट पीडित तथा प्रभावित र साक्षीको सुरक्षा सुनिश्चित गरिनेछ।

**रणनीति २.६.२२ (मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सीमा प्रशासनलाई प्रभावकारी रूपमा परिचालन गर्ने।) सँग सम्बन्धित**

२.७.७७ मानव बेचबिखन तथा ओसारपसार जस्तो संगठित अपराध विरुद्ध राज्यका सुरक्षा निकायहरूको सूचना तथा निगरानी प्रणालीलाई प्रभावकारी बनाइनेछ।

२.७.७८ सुरक्षा निकायको सहयोगमा सीमा नाकाहरूमा सूचना तथा निगरानी प्रणालीलाई व्यवस्थित, मर्यादित र प्रभावकारी तरिकाले सञ्चालन व्यवस्थापन गरिनेछ।

२.७.७९ छिमेकी मुलुकहरूसँगको द्विपक्षीय सीमा सुरक्षासम्बन्धी बैठकमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको सवाललाई प्राथमिकताका साथ समावेश गरिनेछ।

२.७.८० सीमा सुरक्षा, अन्तर्राष्ट्रिय विमानस्थलमा रहेका तथा सीमा जोडिएका जिल्लाका अध्यागमन कार्यालय, श्रम तथा रोजगार कार्यालय र सुरक्षा संयन्त्रहरूद्वारा नक्कली कागजात र गैर कानूनी आवागमनको नियमन र निगरानीमा प्रभावकारिता वृद्धि गरिनेछ।

**रणनीति २.६.२३ (भिजिट भिसा, अध्ययन भिसा, धर्मपुत्र-धर्मपुत्री, विदेशीसँगको विवाह, अङ्ग प्रत्यारोपण जस्ता मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले संवेदनशील क्षेत्रमा संलग्न एजेन्ट तथा एजेन्सीको निगरानी र अनुगमन गर्ने।) सँग सम्बन्धित**



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

२.७.८१ भिजिट भिसा र अध्ययन भिसाको दुरूपयोग रोक्न त्यस्तो भिसामा जाने व्यक्तिहरूबाट पेश भएको आवश्यक प्रमाणहरूको सुक्ष्म छानवीन गर्ने र शंकास्पद व्यक्ति तथा मतियार र संस्थाहरू माथि अनुसन्धान गरिनेछ।

२.७.८२ भिजिट भिसा, अध्ययन भिसा र अन्य प्रक्रियाबाट विदेश पठाउने कार्यमा सहजीकरण गर्ने शंकास्पद एजेन्ट वा एजेन्सीको निगरानी तथा नियमन गर्ने र दोषीहरूको लाइसेन्स तथा अनुमतीपत्र खारेज गरिनेछ।

२.७.८३ धर्मपुत्र-धर्मपुत्री, विदेशीसँगको विवाह साथै अङ्ग प्रत्यारोपणमा संलग्न एजेन्ट तथा एजेन्सीहरू उपर थप निगरानी बढाइनेछ।

**रणनीति २.६.२४ (मुलुकभित्र यौन शोषण तथा श्रम शोषणका लागि जोखिम मानिने होटेल, पर्यटन व्यवसाय, उद्योग कलकारखाना, यातायात, पूर्वाधार निर्माण र वैदेशिक रोजगारका क्षेत्रका नियामक निकायहरूको निगरानी, निरीक्षण, अनुगमन र नियमनलाई प्रभावकारी बनाउने।) सँग सम्बन्धित**

२.७.८४ उद्योग तथा व्यवसायमा श्रम कार्यालय तथा नियामक निकायहरूद्वारा गरिने निरीक्षण र अनुगमन सूचकमा आधारित बनाई नियमन कार्यमा प्रभावकारिता अभिवृद्धि गरिनेछ।

२.७.८५ मानव बेचबिखन तथा ओसारपसार जस्तो संगठित अपराध नियन्त्रणको कार्यमा निगरानी राख्ने सम्बद्ध निकायहरूको भूमिकालाई प्रभावकारी र नतिजामुखी बनाइनेछ।

२.७.८६ बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ अनुरूप सबै स्थानीय तहलाई बालश्रममुक्त बनाउने अभियान सञ्चालन गरिनेछ।

**रणनीति २.६.२५ (मानव बेचबिखन तथा ओसारपसार विरुद्धको प्रयासलाई सबल, संगठित र प्रभावकारी बनाउन राष्ट्रियस्तरको साझा मञ्च निर्माण गर्ने।) सँग सम्बन्धित**

२.७.८७ मानव बेचबिखन तथा ओसारपसार विरुद्धको अभियानलाई प्रभावकारी बनाउन सरोकारवाला सबै निकाय तथा संस्थाको सक्रीय सहभागितामा राष्ट्रियस्तरको साझा मञ्च तयार गरिनेछ।

२.७.८८ नागरिक समाज तथा प्रभावितहरूको सञ्जाललाई थप सुदृढीकरण गर्न आपसी समन्वय र सहकार्यलाई प्रभावकारी बनाइनेछ।

**रणनीति २.६.२६ (मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सङ्घ, प्रदेश र स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति गठन र परिचालन गर्ने।) सँग सम्बन्धित**

२.७.८९ प्रदेश र स्थानीय तहमा सङ्घीय संरचनासँग मिलान हुने गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति गठन गरी क्रियाशील बनाइनेछ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

२.७.९० प्रदेश सरकार र स्थानीय तहमा गठन हुने मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिको गठन, काम, कर्तव्य र अधिकारबारे सम्बन्धित तहको सरकारद्वारा कानून बनाई व्यवस्थित गरिनेछ।

**रणनीति २.६.२७ (सङ्घ, प्रदेश र स्थानीय तहमा सरोकारवाला सबैको सहयोग, समन्वय र साझेदारी अभिवृद्धि गर्ने।) सँग सम्बन्धित**

२.७.९१ प्रदेश र स्थानीय तहमा सबै सरोकारवालाहरूको सहयोग, समन्वय र साझेदारी अभिवृद्धिको लागि आवश्यकता अनुसार द्विपक्षीय तथा बहुपक्षीय समझदारीपत्र तयार गरी आदानप्रदान गरिनेछ।

२.७.९२ तीनवटै तहको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिले मानव बेचबिखन तथा ओसारपसार विरुद्धको कार्यक्रम र प्राप्त स्रोतलाई एकद्वार प्रणालीद्वारा व्यवस्थापन गर्दै सङ्घसंस्था तथा निजी क्षेत्रको सहयोग र साझेदारीलाई अभिवृद्धि गर्ने कार्यक्रमहरू तय गरिनेछ।

२.७.९३ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रदेश र जिल्लास्तरमा सरकारी तथा गैरसरकारी निकायहरूको समन्वय प्रणालीको विकास गरिनेछ।

२.७.९४ मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सम्पन्न गरिने क्रियाकलापहरूको प्रभावकारी सम्प्रेषणका लागि विभिन्न सञ्चार माध्यमहरूको उपयोग गरिनेछ।

**रणनीति २.६.२८ (मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सीमा जोडिएका तथा नेपालीहरू अधिक रहेका मुलुकहरूसँग द्विपक्षीय सहयोग अभिवृद्धि गर्ने।) सँग सम्बन्धित**

२.७.९५ मानव बेचबिखन तथा ओसारपसारको रोकथाम र अपराधिक समूह माथि निगरानी, नियन्त्रण, कानूनी कारबाही, सुपुर्दगी र आपसी कानूनी सहायता पीडित तथा प्रभावितको उद्धार एवं स्वदेश फिर्तीलाई सहज हुने गरी छिमेकी मुलुकहरूसँग द्विपक्षीय समझदारी तथा सम्झौता गरिनेछ।

२.७.९६ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सीमा क्षेत्रमा कार्यरत दुवै देशतर्फका निकाय तथा संस्थाहरूको विवरण अद्यावधिक राखी निरन्तर समन्वय गरिनेछ।

२.७.९७ वैदेशिक रोजगारका लागि अधिकतममात्रामा नेपालीहरू पुग्ने मुलुकहरूमा मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूको उद्धार तथा स्वदेश फिर्तीका सम्बन्धमा सम्बन्धित मुलुकहरूसँग समन्वय गरिनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

२.७.९८ विदेशी मुलुकमा मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिहरूको संरक्षणका लागि विदेशस्थित नेपाली दूतावासहरूमा अल्पकालीन संरक्षण गृह र सम्पर्क विन्दुको व्यवस्था गरिनेछ।

**रणनीति २.६.२९ (सार्क राष्ट्रहरूबीच मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सार्क महासन्धिअनुसार द्विपक्षीय र बहुपक्षीय सहयोग र समझदारी अभिवृद्धि गर्ने) सँग सम्बन्धित:**

२.७.९९ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सार्क राष्ट्रहरूबीच आपसी सहयोग र समन्वयका लागि क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चको उपयोग गरिनेछ।

२.७.१०० दक्षिण एशियामा बालबालिकाको बेचबिखन अन्त्यका लागि क्षेत्रीय मञ्चको उपयोग गरिनेछ।

**रणनीति २.६.३० (वैदेशिक रोजगारीका लागि विदेश पुगेका नेपाली कामदारहरूको हितका लागि सम्बन्धित मुलुकहरूसँग श्रम सम्झौता गर्ने।) सँग सम्बन्धित**

२.७.१०१ वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन श्रमिकको हकहित सुनिश्चित हुने गरी द्विपक्षीय श्रम सम्झौता सुदृढ बनाईनेछ।

२.७.१०२ विदेशमा घरेलु कामदारका रूपमा र हेरचाह सेवाका काममा संलग्न नेपाली महिलाहरू माथि कुनै पनि प्रकारको शोषण तथा दुर्व्यवहार हुन नदिने गरी द्विपक्षीय श्रम सम्झौतामा विशेष व्यवस्था गरी कार्यान्वयन गरिनेछ।

२.७.१०३ श्रम सम्झौता गरेर मात्र वैदेशिक रोजगारमा कामदार पठाउने व्यवस्था स्थापित गरी क्रमश: कार्यान्वयन गर्दै लगिनेछ।

२.७.१०४ नेपालीहरू उल्लेख्य सङ्ख्यामा रहेका देशहरूसँग कानूनी सहायता प्राप्त गर्न द्विपक्षीय कानूनी सहायता सम्झौता गरिनेछ।

**रणनीति २.६.३१ (मानव बेचबिखन विरुद्ध राष्ट्रिय नीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध निकाय तथा संयन्त्रको क्षमता अभिवृद्धि गर्ने।) सँग सम्बन्धित**

२.७.१०५ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायत सङ्घ, प्रदेश, जिल्ला र स्थानीय तहमा गठित मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसँग सम्बन्धित समितिका साथै यससँग सम्बन्धित निकायमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिनेछ।

२.७.१०६ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण प्रदेश समिति, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

समिति र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समितिलाई स्रोत साधन सम्पन्न बनाइनेछ।

२.७.१०७ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रगत कार्यक्रममा प्रभाव पार्न सक्ने गरी लैङ्गिक सम्पर्क व्यक्तिहरूको क्षमता अभिवृद्धि गरिनेछ।

२.७.१०८ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रदेश तथा स्थानीय नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ।

**रणनीति २.६.३२ (मानव बेचबिखन तथा ओसारपसार विरुद्ध विदेशस्थित नेपाली नियोगहरू र नियामक निकायहरूको क्षमता अभिवृद्धि गर्ने।) सँग सम्बन्धित**

२.७.१०९ विदेशस्थित नियोगमा कार्यरत श्रम कन्सुलर, श्रम सहचारी र नेपाली दूतावासका कर्मचारीहरूका लागि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम आयोजना गरिनेछ।

२.७.११० मानव बेचबिखन तथा ओसारपसार विरुद्ध अध्यागमन, भन्सार, सुरक्षा चेकजाँच, श्रम निरीक्षण, अनुसन्धान, अभियोजन, अदालती कामकारबाहीमा संलग्न पदाधिकारीहरूका लागि लक्षित तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**रणनीति २.६.३३ (तीनवटै तहका सरकारका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी तथ्याङ्कलाई सामाजिक सूचना व्यवस्थापन प्रणालीमा एकीकृत गरी व्यवस्थित र सुरक्षित बनाउने।) सँग सम्बन्धित**

२.७.१११ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी खण्डीकृत तथ्याङ्कलाई सामाजिक सूचना व्यवस्थापन प्रणालीमा एकीकृत गरिनेछ।

२.७.११२ सामाजिक सूचना व्यवस्थापन प्रणालीमा तथ्याङ्क प्रविष्टि गर्ने कार्यलाई अनिवार्य गर्न सहजीकरण गरिनेछ।

**रणनीति २.६.३४ (मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी एकीकृत तथ्याङ्क प्रणालीलाई संस्थागत गर्न सबै सरोकारवालाहरूको क्षमता विकास गर्ने।) सँग सम्बन्धित**

२.७.११३ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी तथ्याङ्क प्रणाली र यसको प्रयोग सम्बन्धमा सबै तहका सरोकारवालाहरूलाई अभिमुखीकरण गरिनेछ।

२.७.११४ सबै तहका सरोकारवाला निकाय तथा संस्थाका तथ्याङ्क व्यवस्थापनमा जिम्मेवार कर्मचारीहरूका लागि तथ्याङ्क व्यवस्थापनसम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनीति २.६.३५ (मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सञ्चालन गरिने सबै प्रकारका कार्यक्रमहरूको तहगत रूपमा अनुगमन गर्ने।) सँग सम्बन्धित**



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

२.७.११५ मानव बेचबिखन विरुद्ध राष्ट्रिय नीति कार्यान्वयन अनुगमन कार्यविधि निर्माण गरी अनुगमनलाई प्रभावकारी बनाईनेछ।

२.७.११६ मानव बेचबिखन तथा ओसारपसार विरुद्ध प्रदेश र स्थानीय नीति तथा कार्यक्रम कार्यान्वयन स्थितिको अनुगमनका लागि कार्यविधि निर्माण गरी नियमित अनुगमन गरिनेछ।

**रणनीति २.६.३६ (सरकारी निकाय तथा गैरसरकारी संस्था र विकास साझेदारहरूबाट सञ्चालित मानव बेचबिखन तथा ओसारपसार विरुद्धको कार्यक्रमहरूको समीक्षा गर्ने।) सँग सम्बन्धित**

२.७.११७ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न सम्पन्न गरिएका कार्यक्रमहरूको सार्वजनिक सुनुवाई गर्ने व्यवस्था गरिनेछ।

२.७.११८ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी कार्यक्रमहरूको सामाजिक परीक्षण गरिनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं

## परिच्छेद ३
## नीति कार्यान्वयन

### ३.१ संस्थागत व्यवस्था

यो नीतिलाई कार्यान्वयन गर्नका लागि विद्यमान कानूनमा सुधार गरी तीनवटै तहमा संयन्त्रहरू निर्माण गरिने छन्। सङ्घीय तहमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिवको अध्यक्षतामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको व्यवस्था रहनेछ भने जिल्ला तहमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको व्यवस्था रहनेछ। प्रदेश तहमा महिला र बालबालिकासँग सम्बन्धित मन्त्रालयका सचिवको अध्यक्षतामा प्रदेश समिति र स्थानीय तहमा सम्बन्धित नगर तथा गाउँपालिकाको प्रमुख वा अध्यक्षको अध्यक्षतामा स्थानीय समितिको गठन गरिनेछ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण बहु-क्षेत्रगत र बहु-विषयगत सवाल भएकाले ती सरंचनाहरूमा आवश्यकता अनुसार अन्य सरोकारवाला सरकारी निकाय, पीडित तथा प्रभावित व्यक्ति, मानव बेचबिखन तथा ओसारपसार विरुद्ध क्रियाशील गैरसरकारी सङ्घसंस्था, नागरिक समाज, निजी क्षेत्र र सञ्चार क्षेत्रको सार्थक प्रतिनिधित्वलाई महत्व दिइनेछ।

### ३.२ कानूनी व्यवस्था

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि मानव बेचबिखन तथा ओसरापसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली, २०६५ कार्यान्वयनमा रहेका छन्। मानव बेचबिखन तथा ओसारपसारको परिवर्तित स्वरूप तथा आयामहरूमा देखापरेको परिवर्तनका सन्दर्भमा सोहीबमोजिम विद्यमान कानूनहरूको संशोधन गरी नीति अनुकूल बनाउँदै लगिनेछ।

### ३.३ वित्तीय व्यवस्था

मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति कार्यान्वयन गर्न संलग्न कार्ययोजनाको कार्यान्वयन गरिनेछ। नीति कार्यान्वयनका लागि सङ्घीय तहमा बजेटको व्यवस्था गरिनुका साथै प्रदेश र स्थानीय तहमा बजेट विनियोजन गर्न प्रोत्साहन गरिनेछ। तीनवटै तहमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणलाई बहु-आयामिक र बहु-पक्षीय सवालका रूपमा लिई आआफ्नो क्षेत्रगत योजना तथा कार्यक्रमहरूमा स्रोतको व्यवस्था गर्न सामाजिक उत्तरदायित्वमार्फत गैरसरकारी संस्था र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। यो नीति कार्यान्वयन गर्ने सन्दर्भमा तीनवटै तहका सरकारको बजेट, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि स्थापित कोष तथा वैदेशिक सहायता, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विकास साझेदार, निजी क्षेत्र, समुदायको सहकार्य र साझेदारीमार्फत स्रोत परिचालन गरिनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

### ३.४ नीति समन्वय र सामञ्जस्यता

नीति कार्यान्वयनमा संविधानको मर्म अनुरूप समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका र जिम्मेवारी देहायबमोजिम हुनेछन् :-

(क) सङ्घीय सरकारले मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति अनुरूप कानून तर्जुमा र संशोधन तथा कार्यान्वयन र नियमन, मानव बेचबिखन तथा ओसारपसारको अवस्था तथा समस्या सम्बन्धी अध्ययन अनुसन्धान, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सम्पर्क, समन्वय र साझेदारी गर्नुका साथै प्रदेश सरकार र स्थानीय तहलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रोत्साहन गर्नेछ। प्रदेश समिति र स्थानीय तहबाट प्राप्त प्रतिवेदनलाई एकीकृत गरी राष्ट्रिय प्रतिवेदन तयार गरिनेछ।

(ख) प्रदेश सरकारले मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीतिबमोजिम मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सङ्घीय कानून प्रतिकूल नहुने गरी नीतिगत तथा कानूनी व्यवस्था, वैदेशिक उद्धारका लागि सङ्घीय सरकारसँग समन्वय र प्रदेशस्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि कार्यरत सङ्घसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य गर्नेछ। स्थानीय सरकारलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रोत्साहन गरिनेछ। प्रदेश समितिले आवधिक रूपमा राष्ट्रिय समितिमा प्रतिवेदन उपलब्ध गराउनेछ।

(ग) स्थानीय सरकारले समुदायमा आधारित सङ्घसंस्था र गैरसरकारी संस्थाहरूसँगको समन्वय र सहकार्यमा सचेतनामूलक अभियान, आफ्नो क्षेत्रभित्र जोखिममा रहेका र जोखिम उन्मुखहरूको पहिचान र सशक्तीकरण, पीडित तथा प्रभावितहरूको उद्धार र संरक्षणका लागि जिल्ला तथा प्रदेश समितिसँग समन्वय तथा सहकार्य गर्नेछ। स्थानीय तहले प्रदेश समिति र राष्ट्रिय समितिमा आवधिक रूपमा प्रतिवेदन उपलब्ध गराउनेछ।

### ३.५. जोखिम पहिचान र व्यवस्थापन

यस नीतिको प्रकृति र दायरा वृहत् तथा अन्तरसम्बन्धित विषय भएकोले नीति कार्यान्वयनमा आउनसक्ने जोखिम र जोखिम व्यवस्थापनका सम्भाव्य उपाय देहायबमोजिम हुनसक्ने अनुमान गरिएको छ।

#### ३.५.१ जोखिम पहिचान

(क) मानव बेचबिखन तथा ओसारपसारको समस्या बहुपक्षीय सवाल भएको हुँदा सबै सरोकारवालाले समान रूपमा जिम्मेवार भई यसको समाधानको लागि अपनत्व ग्रहण गर्नमा कमी हुन सक्ने।

(ख) नीति कार्यन्वयनको सिलसिलामा सबै सरोकारवाला निकाय, सामाजिक सङ्घसंस्था, निजी क्षेत्र र विकास साझेदारहरूबीच बुझाईमा समानता नभई आपसी समन्वय र सहकार्यमा बाधा अडचन हुन सक्ने।

(ग) नीति कार्यान्वयनका लागि आवश्यक स्रोत साधनमा सीमितता हुन सक्ने।

### ३.५.२ जोखिम व्यवस्थापनका उपायहरू

(क) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धमा साझा अवधारणा विकास गरिनेछ।

(ख) तीनवटै तहका सरकारको भूमिका र जिम्मेवारी स्पष्ट गरी तयार पारिएको कार्यान्वयन कार्ययोजनाको कार्यान्वयन गरिनेछ।

(ग) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यलाई प्राथमिकतामा राखी आवश्यक स्रोत व्यवस्थापन गरिनेछ।

## ३.६. अनुगमन, मूल्याङ्कन तथा नीति पुनरावलोकन

### ३.६.१ अनुगमन तथा मूल्याङ्कन

(क) यो नीतिको कार्यान्वयनको अवस्था अनुगमन गर्न र नीतिमा समसामयिक परिमार्जनका लागि अनुगमन र मूल्याङ्कन सूचकहरू सहितको कार्यविधि तर्जुमा गरिनेछ।

(ख) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसँग सम्बन्धित विषयगत मन्त्रालय तथा निकायहरूबाट आआफ्नो क्षेत्रगत तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गर्दा यस नीतिको कार्यान्वयनलाई समेत समीक्षा गरिनेछ।

(ग) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिमको विषयगत समितिमा राष्ट्रिय नीतिबमोजिम भएका कार्यक्रमहरूको समीक्षा गरिनेछ।

### ३.६.२ नीति पुनरावलोकन

(क) मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीतिको कार्यान्वयन स्थितिको प्रत्येक २ वर्षमा समीक्षा गरिनेछ।

(ख) राष्ट्रिय नीतिको कार्यान्वयन स्थितिको मूल्याङ्कन तथा समीक्षा पाँचौं वर्षमा गरी सुधार गर्नुपर्ने पक्षहरू सम्बन्धी सुझाव पेश गरिनेछ।

(ग) नेपाल सरकारले आवश्यकता अनुसार राष्ट्रिय नीतिको पुनरावलोकन गरी परिमार्जन गर्न सक्नेछ।

## ३.७ नीति कार्यान्वयन कार्ययोजना

यस नीतिमा उल्लिखित कार्यनीतिहरू अनुसूची-१ बमोजिम कार्यान्वयन गरिनेछ।

## ३.८ खारेजी र बचाउ

(क) चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापार विरुद्धको राष्ट्रिय नीति, २०५२ खारेज गरिएको छ।

(ख) खण्ड (क) बमोजिमको नीतिबमोजिम भए गरेका काम कारबाही यसै नीतिबमोजिम भए गरेको मानिने छ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## अनुसूची-१: नीति कार्यान्वयन कार्ययोजना

(खण्ड ३.७ सँग सम्बन्धित)

| क्र.सं. | कार्यनीति नं. | कार्यनीतिबमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| १ | २.७.१ | मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका तथा जोखिम उन्मुख समुदायको पहिचानसम्बन्धी मापदण्ड बनाउने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्थानीय तह, गैरसरकारी संस्था | १ वर्ष | मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका तथा जोखिम उन्मुख समुदायको पहिचान गर्न सोसम्बन्धी मापदण्ड निर्माण भएको हुने। |
| २ | २.७.२ | (क) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी अध्ययन अनुसन्धानमार्फत जोखिम नक्साङ्कन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय तथ्याङ्क कार्यालय र स्थानीय तह | १ वर्ष | मानव बेचबिखन तथा ओसारपसारको जोखिम नक्साङ्कन भएको हुने। |
| | | (ख) स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका तथा जोखिमउन्मुख समुदायको तथ्याङ्क व्यवस्थापन गर्ने। | स्थानीय तह | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; प्रदेश सरकार | १ वर्ष | जोखिम नक्साङ्कनबाट आएको तथ्याङ्क स्थानीय तहमा व्यवस्थापन भएको हुने। |
| ३ | २.७.३ | (क) सरोकारवाला निकाय तथा | महिला, बालबालिका | स्थानीय तह, गैरसरकारी | १ वर्ष | सरोकारवाला निकाय तथा संस्थाहरूको स्रोत |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | संस्थाहरूको स्रोत नक्साङ्कनबारे नमूना विधि तयार गर्ने। | तथा ज्येष्ठ नागरिक मन्त्रालय | संस्था | | नक्साङ्कनबारे नमूना विधि तयार भएको हुने। |
| | | (ख) स्थानीय तहमा जोखिम तथ्याङ्क अद्यावधिक गर्ने र सोको आधारमा जोखिमउन्मुख व्यक्ति तथा समुदायको पहिचान गर्ने। | स्थानीय तह | राजनीतिक दलहरू, गैरसरकारी संस्था | १ वर्ष | जोखिमयुक्त व्यक्ति तथा समुदायको पहिचान भएको हुने। |
| ४ | २.७.४ | (क) जोखिममा परेका परिवार तथा समुदाय (विपद्, हिंसा र बहिष्करणमा परेका) लाई सुरक्षित आश्रय, मनोसामाजिक परामर्श, कानूनी सहायता, आर्थिक तथा शैक्षिक सहायता जस्ता विशेष सहायता प्रदान गर्न आवश्यक कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, गैरसरकारी संस्था | निरन्तर | मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्ति तथा परिवार जोखिममुक्त भएको हुने। |
| | | (ख) जोखिमयुक्त व्यक्ति तथा परिवारको पुनर्स्थापना र पुनःएकीकरणको व्यवस्था गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, विकासका साझेदार संस्थाहरू, गैरसरकारी | निरन्तर | जोखिमुक्त व्यक्ति तथा परिवारको पुनर्स्थापना, पुनर्बास र पुनःएकीकरणको व्यवस्था भएको हुने। |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | | | संस्था | | |
| ५ | २.७.५ | स्थानीय तहको सहजीकरणमा स्थानीय बाल क्लब, किशोर तथा किशोरी समूह, महिला समूह, लैङ्गिक हिंसा निगरानी समूह, मेलमिलाप केन्द्र र गैरसरकारी संस्थाहरूको क्रियाशीलतामा मानव बेचबिखन तथा ओसारपसार हुन सक्ने शंकास्पद गतिविधिको अभिलेखीकरण गर्ने। | स्थानीय तह | समुदायमा आधारित संस्थाहरू, गैरसरकारी संस्थाहरू | निरन्तर | स्थानीयस्तरमा मानव बेचबिखनसँग सम्बन्धित शंकास्पद गतिविधिहरूको अभिलेखीकरण भएको हुने। |
| ६ | २.७.६ | (क) स्मार्टफोन, एप र अनलाइन प्लेटफर्महरूको माध्यमबाट जोखिमउन्मुख र पीडित तथा प्रभावितको स्थिति ट्रयाक गर्ने। | गृह मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; प्रदेश सरकार; स्थानीय तह | निरन्तर | जोखिमउन्मुख र पीडित तथा प्रभावितको स्थिति ट्रयाक भएको हुने। |
| | | (ख) जोखिमका क्षेत्रहरूको पहिचानमा डिजिटल प्रणालीको प्रयोग गर्न सार्वजनिक र निजी क्षेत्रको सहकार्य | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २ वर्ष | डिजिटल प्रणालीको प्रयोग मार्फत जोखिमका क्षेत्रहरूको पहिचान भएको हुने। |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | प्रवर्धन गर्ने। | मन्त्रालय | | | |
| ७ | २.७.७ | (क) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र र सुरक्षित आवास गृह (सेफ हाउस) तथा पुनर्स्थापना केन्द्रहरूको सेवाबारे समुदायमा सूचना अभियान, रेडियो, स्थानीय टिभी, सामुदायिक बैठक, विद्यालय कार्यक्रम, सामाजिक सञ्जाल सञ्चालन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, नेपाल प्रहरी, गैरसरकारी संस्था | २ वर्ष | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र र सेफ हाउस तथा पुनर्स्थापना केन्द्रबारे पीडित तथा प्रभावितहरू सुसूचित भएको हुने। |
| | | (ख) स्थानीय तह, महिला तथा बालबालिका समिति, जनप्रतिनिधि, शिक्षक, नागरिक समाज र जोखिममा रहेका वर्गलाई सेवा केन्द्रको रिफरल प्रक्रियाबारे अभिमुखीकरण गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, नेपाल प्रहरी, गैरसरकारी संस्था | निरन्तर | सेवा केन्द्रहरूमा पीडित तथा प्रभावित र जोखिममा रहेकाहरूको पहुँच पुगेको हुने। |
| ८ | २.७.८ | (क) मानव बेचबिखन तथा ओसारपसारका समस्या तथा कारणको अध्ययन, अनुसन्धान गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, गैरसरकारी संस्था | निरन्तर | मानव बेचबिखन तथा ओसारपसारका वास्तविक समस्या तथा कारण पहिचान भएको हुने। |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | (ख) अध्ययन, अनुसन्धानको सिफारिसबमोजिम कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, गैर सरकारी संस्था | निरन्तर | तथ्यमा आधारित कार्यक्रमहरू सञ्चालन भएको हुने। |
| ९ | २.७.९ | (क) मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अनुसन्धानका लागि विश्वविद्यालय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग सहकार्य गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | शैक्षिक तथा प्राज्ञिक संस्था, विकास साझेदार संस्था | निरन्तर | मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अध्ययन अनुसन्धान भएको हुने। |
| | | (ख) मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी विषयमा विश्वविद्यालयहरूसँग संयुक्त अनुसन्धान कार्यक्रम गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; विश्वविद्यालयहरू; राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था | निरन्तर | मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अनुसन्धान कार्य वृद्धि भएको हुने। |
| | | (क) विश्वविद्यालयका विद्यार्थीका लागि मानव बेचबिखन तथा ओसारपसार | महिला, बालबालिका | शिक्षा, विज्ञान तथा प्रविधि | निरन्तर | ईन्टर्नसीप गरेका विद्यार्थीहरू अध्ययन पश्चात यस क्षेत्रमा |

| क्र.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | नियन्त्रणको क्षेत्रमा ईन्टर्नसीप कार्यक्रम सञ्चालन गर्ने। | तथा ज्येष्ठ नागरिक मन्त्रालय | मन्त्रालय; विश्वविद्यालयहरू; राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था | | काम गर्न प्रोत्साहित भएको हुने। |
| १० | २.७.१० | (क) सबै राजनीतिक दलका घोषणापत्रमा मानव बेचबिखन तथा ओसारपसार रोकथाम, संरक्षण र पुनर्स्थापन समावेश गराउन वकालत अभियान चलाउने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, | नागरिक समाज, सञ्चार माध्यम, राजनीतिक दल, गैरसरकारी संस्था | निरन्तर | सबै राजनीतिक दलका घोषणापत्रमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको विषय समावेश भएको हुने। |
| | | (ख) मानव बेचबिखन तथा ओसारपसार विरुद्धको अभियान सञ्चालनमा सरिक हुन सबै राजनीतिक दलहरूको प्रतिबद्धतालाई अभिलेखमा राख्ने। | प्रदेश सरकार र स्थानीय तह | सबै राजनीतिक दल | निरन्तर | प्रतिबद्धताबमोजिम सबै राजनीतिक दलहरू मानव बेचबिखन तथा ओसारपसार विरुद्धको अभियानमा सरिक भएको हुने। |
| ११ | २.७.११ | (क) मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय | स्थानीय तह | महिला, बालबालिका | निरन्तर | समाजका अग्रणी अभियन्ताको नेतृत्वमा मानव बेचबिखन तथा |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | दिवसमा र्‍याली, सभा सम्मेलन, सांस्कृतिक कार्यक्रम, सडक नाटक आयोजना समुदायमा आधारित सङ्घ संस्था एवं टोल विकास समिति तथा संस्थाका अगुवाहरूलाई नेतृत्वदायी भूमिका दिने। | | तथा ज्येष्ठ नागरिक मन्त्रालय; गैरसरकारी संस्था; समुदायमा आधारित संस्थाहरू | | ओसारपसार विरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस र अन्य अभियानहरू सञ्चालन भएको हुने। |
| | | (ख) स्थानीय तह, वडा कार्यालय, सुरक्षित आप्रवासन स्रोत केन्द्र, प्रहरी, न्यायिक समिति आदिसँग समन्वय बैठक आयोजना गरी अभियानको खाका तयार गर्ने। | स्थानीय तह, | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; वडा कार्यालय, गैरसरकारी संस्था; समुदायमा आधारित संस्थाहरू | निरन्तर | समाजका अग्रणी अभियान्ताको नेतृत्व र सहभागितामा भएको समन्वय बैठकबाट अभियानको खाका तयार भएको हुने। |
| १२ | २.७.१२ | (क) समुदायमा अग्रणी भूमिकामा रहेका व्यक्तिहरू (शिक्षक, धार्मिक अगुवा र | स्थानीय तह, गैरसरकारी | महिला, बालबालिका | निरन्तर | समुदायमा अग्रणी भूमिकामा रहेका व्यक्तिहरू मानव |

| क.सं. | कार्यनीति नं. | कार्यनीतिबमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | सामाजिक अभियान्ता)लाई मानव बेचबिखन तथा ओसारपसार र सामाजिक कुरीति विरुद्ध अभिमुखीकरण गरी समुदायमा परिचालन गर्ने। | संस्था | तथा ज्येष्ठ नागरिक मन्त्रालय; प्रदेश सरकार, | | बेचबिखन तथा ओसारपसार लगायतका सामाजिक कुरीति विरुद्ध परिचालन भई समुदायमा सचेतना अभिवृद्धि भएको हुने |
| | | (ख) शिक्षक, धार्मिक अगुवा र सामाजिक अभियान्ताबाट युवा तथा किशोर–किशोरी लक्षित सचेतनामूलक कक्षा तथा क्लब सञ्चालन गर्ने। | सामुदायिक तथा निजी विद्यालयहरू | स्थानीय तह, धार्मिक संस्थाहरू | निरन्तर | युवा तथा किशोर–किशोरीमा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी सचेतना भएको हुने। |
| १३ | २.७.१३ | (क) आधारभूत तथा माध्यमिक तहको शिक्षामा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी पाठ्यक्रम तथा पाठ्यसामग्री समावेश गर्ने। | स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २ वर्ष | विद्यालय शिक्षाको पाठ्यक्रममा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी विषय समावेश भई अध्ययन अध्यापन भएको हुने। |
| | | (ग) आन्तरिक र वैदेशिक बसाइसराईबारे जानकारीमूलक विषय माध्यमिक शिक्षाको पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समावेश गर्ने। | स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | १ वर्ष | विद्यालयस्तरमा आन्तरिक र वैदेशिक बसाईसराई सम्बन्धमा विद्यार्थीहरू सुसूचित भएको हुने। |
| १४ | २.७.१४ | (क) बालबालिका, किशोर किशोरीलाई | स्थानीय तह | समुदायमा | निरन्तर | बालबालिका, किशोर किशोरको |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | संलग्न गराई मानव बेचबिखन तथा ओसारपसार लगायतका संगठित अपराध विरुद्ध सडक नाटक, लक्षित समूह छलफल, चित्रकला निबन्ध प्रतियोगिता जस्ता कार्यक्रम सञ्चालन गर्ने। | | आधारित सङ्घसंस्था, गैरसरकारी संस्था | | सक्रीयतामा समुदायस्तरमा बेचबिखन तथा ओसारपसार लगायतका संगठित अपराध विरुद्ध सचेतना अभिवृद्धि भएको हुने। |
| | | (ख) बालबालिका तथा किशोर किशोरीलाई यौनजन्य हिंसा, दुर्व्यवहार, उत्पीडन, बलपूर्वकको विवाह विरुद्ध आत्मरक्षासम्बन्धी तालिम प्रदान गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, गैरसरकारी संस्था | निरन्तर | जोखिममा रहेका व्यक्तिहरू आत्मरक्षा गर्न सक्ने भएको हुने। |
| १५ | २.७.१५ | (क) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सन्देशमूलक प्रचारप्रसार सामग्री उत्पादन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | निरन्तर | मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सन्देशमूलक प्रचारप्रसार सामग्री प्रयास मात्रामा उत्पादन भएको हुने। |
| | | (ख) विद्यालयमा रहेका बाल क्लब तथा विभिन्न विद्यार्थी समूहहरूको संयोजकत्वमा विद्यालय र समुदायस्तरमा सन्देशमूलक | स्थानीय तह | विद्यालय, बाल क्लब तथा विद्यार्थी समूह | निरन्तर | सन्देशमूलक प्रचारप्रसार सामग्रीमार्फत विद्यालय र समुदायस्तरमा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी सूचना तथा जानकारी पुगेको हुने। |

| क्र.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | प्रचारप्रसार सामग्री वितरण गर्ने। | | | | |
| १६ | २.७.१६ | विपन्न, सीमान्तकृत तथा जोखिमयुक्त समुदायमा लैङ्गिक भूमिका रूपान्तरण र सकारात्मक अभिभावकत्वका लागि समूह छलफल, अन्तरक्रिया, अभिमुखीकरण कार्यक्रम गर्ने। | स्थानीय तह | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; प्रदेश सरकार; विकास साझेदार; गैरसरकारी संस्था | निरन्तर | लक्षित वर्गमा लैङ्गिक भूमिका रूपान्तरण तथा अभिभावकत्वमा सकारात्मक परिवर्तन भएको हुने। |
| १७ | २.७.१७ | (क) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध पैरवी, सचेतना, निगरानी र खबरदारीको व्यवस्था संस्थागत गर्न स्थानीय सरकार, पत्रकार महासङ्घ, समुदायिक रेडियो, टेलिभिजन, अनलाइन मिडिया, समुदायमा आधारित सङ्घसंस्था तथा गैरसरकारी संस्था, समुदाय प्रतिनिधि सबै समेटेर कार्यविवरणसहित एक संयुक्त संयन्त्र निर्माण गर्ने। | स्थानीय तह | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; सञ्चार माध्यम | निरन्तर | कार्यविवरण सहित एक संयुक्त संयन्त्र निर्माण भएको हुने। |

| क्र.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | (ख) टोलस्तरबाट वडा र पालिका हुँदै जिल्ला संयन्त्रसम्म पुग्ने सूचना प्रवाह प्रणाली विकास गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्थानीय तह, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति, गैरसरकारी संस्था | निरन्तर | सूचना प्रवाह प्रणाली विकास भएको हुने। |
| | | (ग) स्थानीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिलाई सक्रीय र नियमित बनाउने। | स्थानीय तह | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | निरन्तर | मानव बेचबिखन तथा ओसारपसार विरुद्ध पैरवी, सचेतना, निगरानी र खबरदारी संस्थागत भएको हुने। |
| १८ | २.७.१८ | तीनवटै तहको सरकारी तथा गैरसरकारी क्षेत्रको सूचना तथा तथ्याङ्कसहित प्रत्येक वर्ष मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन प्रकाशन तथा वितरण गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सम्बन्धित क्षेत्र हेर्ने प्रदेश मन्त्रालय, स्थानीय तह, गैरसरकारी संस्था | निरन्तर | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी प्रगति पुस्तिकाको रूपमा राष्ट्रिय प्रतिवेदन प्रकाशन तथा वितरण भएको हुने। |

| क्र.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| १९ | २.७.१९ | मानव बेचबिखन तथा ओसारपसारमा परेकालाई नेपाल सरकार र गैरसरकारी संस्थाबाट हुने सहायतासम्बन्धी जानकारी पुस्तिका उत्पादन गरी वैदेशिक रोजगारीमा जानेहरूलाई वितरण गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; जिल्ला प्रशासन कार्यालय | निरन्तर | वैदेशिक रोजगारमा जाने व्यक्तिहरू मानव बेचबिखन तथा ओसारपसारमा परेमा कहाँ, कसरी, कोसँग सहायता लिने भन्ने जानकारी प्राप्त भएको हुने। |
| २० | २.७.२० | वैदेशिक रोजगारमा जाने व्यक्तिहरूका लागि सञ्चालित पूर्वप्रस्थान अभिमुखीकरण तालिमको पाठ्यक्रममा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी जानकारी समावेश गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | १ वर्ष | वैदेशिक रोजगारमा जाने व्यक्तिहरू पूर्वप्रस्थान अभिमुखीकरण तालिममार्फत मानव बेचबिखन तथा ओसारपसार सम्बन्धमा सुसूचित भएको हुने। |
| २१ | २.७.२१ | मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सन्देशमूलक श्रव्य दृष्य सामग्रीहरू उत्पादन गरी सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्ममार्फत समेत व्यापक प्रचारप्रसार गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सरकारी तथा निजी सञ्चार माध्यम | निरन्तर | श्रव्य दृष्य सामग्रीहरू मार्फत मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सूचना तथा जानकारी प्रचारप्रसार भएको हुने। |
| २२ | २.७.२२ | ग्रामीण तथा सहरी क्षेत्रका बालबालिका, | गृह मन्त्रालय | स्थानीय तह, | निरन्तर | प्रविधिजन्य मानव बेचबिखन |

| क्र.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | किशोर किशोरी, युवायुवती लक्षित गरी प्रविधिजन्य मानव बेचबिखन तथा ओसारपसार विरुद्ध डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गर्ने। | | नेपाल प्रहरी, गैरसरकारी संस्था, विकास साझेदार | | तथा ओसारपसारबारे सचेतना अभिवृद्धि भएको हुने। |
| २३ | २.७.२३ | पीडित तथा प्रभावित र आर्थिक रूपमा विपन्न परिवारका बालबालिकालाई विद्यालय शिक्षा पूरा गर्न विशेष छात्रवृत्तिको व्यवस्था गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | अर्थ मन्त्रालय, स्थानीय तह, विकास साझेदार | निरन्तर | पीडित प्रभावित र आर्थिक रूपमा विपन्न परिवारका बालबालिकाले कम्तिमा विद्यालय शिक्षा पूरा गरेको हुने। |
| २४ | २.७.२४ | (क) "पढ्दै कमाउदै" को अवधारणाबमोजिम सञ्चालन हुने कार्यक्रममा "एक विद्यालय एक उत्पादन" नीति अपनाउने। | स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; विद्यालय व्यवस्थापन समिति | निरन्तर | बालबालिकाहरू विद्यालयको उत्पादनमा आबद्ध भएको हुने। |
| | | (ख) उत्पादनलाई बजारसँग जोड्न विद्यालय–अभिभावक–सामुदायिक बिक्री केन्द्र स्थापना र मेला, उत्सव वा हाटबजारमा विद्यार्थीका उत्पादनको स्टलको व्यवस्था गर्ने। | स्थानीय तह | विद्यालय, अभिभावक शिक्षक समिति | निरन्तर | विद्यालय–अभिभावक–सामुदायिक बिक्री केन्द्र स्थापना र स्टलको व्यवस्था भएको हुने। |

| क.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| २५ | २.७.२५ | (क) अति विपन्न, सीमान्तकृत, जोखिमउन्मुख र पीडित तथा प्रभावितको माग र स्थानीय बजारको आवश्यकता बमोजिम सीप विकास तालिम प्रदान गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; प्रदेश सरकार; स्थानीय तह | निरन्तर | अति विपन्न सीमान्तकृत, जोखिमउन्मुख र पीडित तथा प्रभावितले आफ्नो चाहानाबमोजिम सीप विकास तालिम प्राप्त गरेको हुने। |
| | | (ख) तालिम प्राप्त व्यक्तिहरूलाई उद्यमशीलता विकास तथा रोजगारीमा आबद्धता र प्राथमिकताका लागि सहयोग गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा | निरन्तर | अति विपन्न सीमान्तकृत, जोखिमउन्मुख र पीडित तथा प्रभावितहरू उद्यमशीलता र रोजगारीमा आबद्ध भएको हुने। |

| क्र.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | | | मन्त्रालय; स्थानीय तह; उद्योग वाणिज्य महासङ्घ; गैरसरकारी संस्था | | |
| | | (ग) अति विपन्न, सीमान्तकृत, जोखिमउन्मुख र पीडित तथा प्रभावितहरूले उत्पादन गरेका सामग्रीहरूको बजारीकरणको व्यवस्था गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, गैरसरकारी संस्था | निरन्तर | जोखिमउन्मुख र पीडित तथा प्रभावितहरूबाट उत्पादित सामग्रीहरूको बजारीकरण भई उनीहरू आर्थिक रूपमा आत्मनिर्भर भएको हुने। |
| २६ | २.७.२६ | (क) स्वरोजगार हुन ईच्छुक जोखिमउन्मुख व्यक्ति वा वर्ग र पीडित तथा प्रभावितलाई सीप विकास तालिम प्रदान गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; गैरसरकारी संस्था | निरन्तर | स्वरोजगार हुन ईच्छुक व्यक्तिले सीप विकास तालिम प्राप्त गरेको हुने। |
| | | (ख) उद्यम सञ्चालन गर्न ईच्छुक जोखिमउन्मुख व्यक्ति र पीडित तथा | महिला, बालबालिका | प्रदेश सरकार, स्थानीय तह | निरन्तर | बीऊ पुँजीबाट जोखिमउन्मुख व्यक्ति र पीडित तथा प्रभावितले |

| क.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | प्रभावितलाई पेशा वा व्यवसाय सञ्चालन गर्न बीऊ पुँजी उपलब्ध हुने व्यवस्था गर्ने। | तथा ज्येष्ठ नागरिक मन्त्रालय | | | उद्यम सञ्चालन गरेको हुने। |
| २७ | २.७.२७ | सबै तहको सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन हुने कृषि, उद्योग, पर्यटन जस्ता क्षेत्रमा अति विपन्न सीमान्तकृत र जोखिममा रहेका समुदायका व्यक्तिहरूलाई रोजगारीको अवसर सिर्जना गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, गैरसरकारी संस्था | निरन्तर | विपन्न वर्गको आय आर्जनमा वृद्धि भएको हुने। |
| २८ | २.७.२८ | (क) सामाजिक सुरक्षा कार्यक्रमहरूमा संलग्न गराउन अति विपन्न, अपाङ्गता भएका व्यक्ति, एकल महिला, बालबालिका, दलित, आदिवासी तथा जनजाति, दुर्गम बस्तीका व्यक्तिहरूको डाटाबेस तयार गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; स्थानीय तह; सामाजिक सुरक्षा कोष | निरन्तर | सामाजिक सुरक्षा कार्यक्रमहरूमा अति विपन्न सीमान्तकृत र जोखिम समुदायका व्यक्तिहरूको पहुँच पुगेको हुने। |
| | | (ख) स्थानीय तहसँगको सहकार्यमा | श्रम, रोजगार | महिला, | | |

| क.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | मोबाईल सेवा सञ्चालन गरी लक्षित समूह पहिचान र सहज पहुँच नपाएका व्यक्तिहरूको सूची बनाउने। | तथा सामाजिक सुरक्षा मन्त्रालय | बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; स्थानीय तह; सामाजिक सुरक्षा कोष | | |
| | | (ग) सूचीका आधारमा अति विपन्न र जोखिममा रहेका व्यक्तिहरूको वर्गीकरण गरी सामाजिक सुरक्षाका कार्यक्रमहरूमा संलग्न गराउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; स्थानीय तह; सामाजिक सुरक्षा कोष | | |
| २९ | २.७.२९ | सबै स्थानीय तहमा सुरक्षित आप्रवासन सम्बन्धी सूचना केन्द्र (आप्रवासन स्रोत केन्द्र) क्रमश: स्थापना र सञ्चालन गर्दै लाने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, गैर सरकारी संस्था | ३ वर्ष | सबै स्थानीय तहमा सुरक्षित आप्रवासन स्रोत केन्द्र स्थापना तथा सञ्चालन भएको हुने। |
| ३० | २.७.३० | तीनवटै तहका सरकारले आफ्नो | श्रम, रोजगार | प्रदेश सरकार, | निरन्तर | वैदेशिक रोजगार र वैदेशिक |



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | क्षेत्राधिकार अन्तर्गतका वैदेशिक रोजगार, वैदेशिक अध्ययनमा जाने व्यक्तिहरूका लागि सहजीकरण गर्न सञ्चालनमा रहेका वैदेशिक रोजगार व्यवसायी, कन्सलटयान्सी लगायतका एजेन्सी, कम्पनी तथा फर्महरूको सूचना प्रणालीमा निरन्तर निगरानी र अनुगमन गर्ने। प्राप्त सूचनाको आधारमा आवश्यक कारबाही गर्न राज्यका सबै तहमा ती सूचना सम्प्रेषण गरिनेछ। | तथा सामाजिक सुरक्षा मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह | | अध्ययनसँग सम्बन्धित कन्सलटयान्सी, एजेन्सी, कम्पनी तथा फर्महरूको निरन्तर निगरानी, अनुगमन र नियमन भएको हुने। |
| ३१ | २.७.३१ | वैदेशिक रोजगारमा गएका व्यक्तिको तथ्याङ्क राखी निजहरूको स्थितिको जानकारी लिने। | स्थानीय तह | वडा कार्यालय | निरन्तर | वैदेशिक रोजगारमा गएका सबै व्यक्तिको तथ्याङ्क र स्थिति अद्यावधिक भएको हुने। |
| ३२ | २.७.३२ | वैदेशिक रोजगारीसँग सम्बन्धित तथ्याङ्कहरूलाई सामाजिक सूचना व्यवस्थापन प्रणालीसँग आबद्ध गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | ३ वर्ष | वैदेशिक रोजगारीसँग सम्बन्धित तथ्याङ्कहरू सामाजिक सूचना व्यवस्थापन प्रणालीमा आबद्ध भएको हुने। |
| ३३ | २.७.३३ | वडा तथा टोलहरूमा मानव बेचबिखन तथा ओसारपसार जस्ता सङ्गठित अपराधका विरुद्ध "समुदाय-प्रहरी साझेदारी कार्यक्रम" | स्थानीय तह | नेपाल प्रहरी | निरन्तर | "समुदाय-प्रहरी साझेदारी कार्यक्रम" मार्फत बेचबिखन तथा ओसारपसार विरुद्धका कार्यक्रमहरू सञ्चालन भएको |

| क.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | लाई सबलीकरण गरी परिचालन गर्ने। | | | | हुने। |
| ३४ | २.७.३४ | "समुदाय-प्रहरी साझेदारी कार्यक्रम" अन्तर्गत समुदायमा आधारित निगरानी प्रणालीको स्थापना गर्ने। | नेपाल प्रहरी | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | १ वर्ष | समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत समुदायमा आधारित निगरानी प्रणालीको स्थापना भएको हुने। |
| ३५ | २.७.३५ | सामुदायिक निगरानी प्रणालीमा लैङ्गिक हिंसा निगरानी समूह, आमा समूह, टोल विकास समिति तथा संस्था, बाल क्लब तथा सञ्जाल, किशोरी समूह, युवा क्लब जस्ता समुदायमा आधारित सङ्घसंस्थाहरूको सक्रियता अभिवृद्धि गरी मानव बेचबिखन तथा ओसारपसारलाई प्रोत्साहन हुने गरी फरक वा सशंकित व्यवहार देखाउने व्यक्ति तथा संस्था माथि निगरानी राख्ने। | गृह मन्त्रालय | स्थानीय तह, नेपाल प्रहरी, गैरसरकारी संस्था, समुदायमा आधारित सङ्घसंस्था | | समुदायमा आधारित निगरानी प्रणाली मार्फत सशंकित व्यक्ति र व्यवहार उपर निगरानी भएको हुने। |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| ३६ | २.७.३६ | (क) औपचारिक वा अनौपचारिक रूपमा सञ्चालनमा रहेका मनोरञ्जन र सत्कार सेवा क्षेत्रका व्यवसायहरूको दर्ता तथा सञ्चालन अनुमति, नवीकरणलगायतका अनुगमन, निरीक्षण तथा नियमनलाई प्रभावकारी बनाउन प्रदेश सरकार, स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, उद्योग कार्यालय, श्रम कार्यालय तथा नेपाल प्रहरीबीच संयुक्त निरीक्षण टोली गठन गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, श्रम कार्यालय, नेपाल प्रहरी, नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल होटल सङ्घ | निरन्तर | मनोरञ्जन र सत्कार सेवा क्षेत्रका व्यवसायहरू कानून सम्मत प्रभावकारी रूपमा सञ्चालन भएको हुने। |
| | | (ख) निरीक्षणका लागि स्पष्ट चेकलिस्ट तयार गरी निरीक्षण टोलीले नियमित अनुगमन गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, नेपाल प्रहरी, नेपाल उद्योग | निरन्तर | |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | | | वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल होटल सङ्घ | | |
| ३७ | २.७.३७ | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र शोषण नियन्त्रणका लागि सरोकारवाला सबैलाई अभिमुखीकरणमार्फत सचेत गराउने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, गैरसरकारी संस्था, नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल, नेपाल उद्योग परिसङ्घ, होटल सङ्घ | निरन्तर | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र शोषणको घटनामा कमी आएको हुने। |
| ३८ | २.७.३८ | (क) मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा यौन तथा श्रम शोषण विरुद्ध सञ्चालक, व्यवस्थापक ग्राहक र कर्मचारीहरूले पालना गर्नुपर्ने | सम्बद्ध निकायहरू | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | २ वर्ष | मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा यौन तथा श्रम शोषण विरुद्ध सरोकारवालाले पालना गर्नुपर्ने आचारसंहिता निर्माण भई |



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

| क.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | आचारसंहिता निर्माण गरी लागु गर्ने। | | मन्त्रालय; प्रदेश सरकार; स्थानीय तह; गैरसरकारी संस्था; नेपाल उद्योग वाणिज्य महासङ्घ; नेपाल उद्योग परिसङ्घ; नेपाल होटल सङ्घ | | लागु भएको हुने। |
| | | (ख) आचारसंहिताबमोजिम काम भए नभएको अनुगमन तथा निरीक्षण गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, गैर सरकारी संस्था, नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, | निरन्तर | सबै मनोरञ्जन तथा सत्कार क्षेत्रमा आचारसंहिताबमोजिम काम भएको हुने। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | | | नेपाल होटल सङ्घ | | |
| ३९ | २.७.३९ | घरेलु काम, मनोरञ्जन तथा सत्कार सेवा जस्ता अनौपचारिक क्षेत्रलाई व्यवस्थित तथा मर्यादित बनाउन रोजगारदातासँग सहकार्य गर्ने। | स्थानीय तह | प्रदेश सरकार, नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल होटल सङ्घ | निरन्तर | घरेलु काम, मनोरञ्जन तथा सत्कार सेवा जस्ता अनौपचारिक क्षेत्र व्यवस्थित तथा मर्यादित भएको हुने। |
| ४० | २.७.४० | (क) मनोरञ्जन क्षेत्रमा कार्यरत कलाकारको कार्यक्रमका लागि विदेश प्रस्थान गर्दा अनिवार्य रूपमा विवरण प्रविष्टि गर्ने व्यवस्थाका लागि प्रणाली विकास गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, अध्यागमन विभाग | निरन्तर | प्रणाली विकास भएको हुने। |
| | | (ख) कार्यक्रमका लागि विदेश भ्रमण गर्ने कलाकारहरूको विवरण प्रविष्टि भए नभएको नियमित अनुगमन गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | गृह मन्त्रालय | निरन्तर | कार्यक्रमका लागि विदेश प्रस्थान गर्ने मनोरञ्जन क्षेत्रमा कार्यरत कलाकारहरूको विवरण अद्यावधिक भएको हुने। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| ४१ | २.७.४१ | सबै जिल्लाहरूमा बालबालिका खोजतलास सेवा (१०४) र आवश्यकता अनुसार बाल हेल्पलाइन (१०९८) को बिस्तार गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय बालअधिकार परिषद्, प्रदेश सरकार, गैरसरकारी संस्था | ४ वर्ष | सबै जिल्लाहरूमा बालबालिका खोजतलास सेवा (१०४) र आवश्यकता अनुसार बाल हेल्पलाइन (१०९८) को बिस्तार भएको हुने। |
| ४२ | २.७.४२ | बालबालिका सम्बन्धी ऐन, २०७५ को प्रावधानबमोजिम सबै स्थानीय तहमा बाल कल्याण अधिकारीको व्यवस्था गर्ने। | स्थानीय तह | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; प्रदेश सरकार | १ वर्ष | सबै स्थानीय तहमा बाल कल्याण अधिकारीको व्यवस्था भएको हुने। |
| ४३ | २.७.४३ | स्थानीय तहमा "बालमैत्री वडा" र बालमैत्री स्थानीय शासन अभियानलाई प्राथमिकताका साथ सञ्चालन गर्ने। | स्थानीय तह | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वडा कार्यालय | ५ वर्ष | सबै स्थानीय तह बालमैत्री भएको हुने। |
| ४४ | २.७.४४ | (क) सबै स्थानीय तहमा महिला संरक्षण अधिकारीको व्यवस्था गर्ने। | स्थानीय तह | महिला, बालबालिका तथा ज्येष्ठ | ५ वर्ष | सबै स्थानीय तहमा महिला संरक्षण अधिकारीको व्यवस्था भएको हुने। |



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | | | नागरिक मन्त्रालय; प्रदेश सरकार | | |
| | | (ख) प्रविधिजन्य मानव बेचबिखन नियन्त्रणको लागि आवश्यक संयन्त्र निर्माण गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | गृह मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल प्रहरी | १ वर्ष | प्रविधिजन्य मानव बेचबिखन नियन्त्रणको लागि आवश्यक संयन्त्र निर्माण भएको हुने |
| | | (ग) राष्ट्रिय महिला आयोगको हटलाइन सेवा (११४५) लाई देशभर बिस्तार गर्ने। | राष्ट्रिय महिला आयोग | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; गृह मन्त्रालय | ३ वर्ष | हटलाईन सेवा ११४५ मा पहुँच वृद्धि भएको हुने। |
| ४५ | २.७.४५ | सबै प्रकारका बाल गृहहरूको नियमन, नियमित अनुगमन तथा निगरानी गर्ने। | स्थानीय तह | नेपाल प्रहरी | निरन्तर | सञ्चालनमा रहेका बाल गृहहरू प्रभावकारी रूपमा सञ्चालन भएको हुने। |
| ४६ | २.७.४६ | (क) सार्वजनिक यातायात तथा यात्रु आवागमन धेरै हुने स्थानहरूमा मानव बेचबिखन तथा ओसारपसार | महिला, बालबालिका तथा ज्येष्ठ | भौतिक पूर्वाधार तथा यातायात | निरन्तर | सार्वजनिक यातायात तथा यात्रु आवागमन धेरै हुने स्थानहरूमा मानव बेचबिखन तथा |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | विरुद्धको सचेतनामूलक सूचना सामग्रीहरू मार्फत प्रचारप्रसार गर्ने। | नागरिक मन्त्रालय | व्यवस्था मन्त्रालय, यातायात व्यवस्था विभाग, यातायात व्यावसायी महासङ्घ, गैरसरकारी संस्था | | ओसारपसार विरुद्धको सचेतनामूलक सूचना सामग्रीहरूको प्रचारप्रसार भएको हुने। |
| | | (ख) अनुगमन तथा निगरानीलाई प्रभावकारी बनाउन मुख्य प्रवेश तथा बहिर्गमन, टिकट काउन्टर, पार्किङ, सुरक्षा संवेदनशील क्षेत्रहरूमा उच्च गुणस्तरका सिसिटिभी जडान गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, यातायात व्यवस्था विभाग, यातायात व्यावसायी महासङ्घ, | २ वर्ष | सार्वजनिक यातायात तथा यात्रु आवागमन धेरै हुने स्थानहरूमा बेचबिखन तथा ओसारपसारका गतिविधिहरूमा निगरानी भएको हुने। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | कार्यनीति नं. | कार्यनीति बमोजिमको क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | | | गैरसरकारी संस्था | | |
